# पहिलो परिच्छेद

# परिचय

## १.१ अध्ययनको सामान्य पृष्ठभूमि

नेपाल एकबहुधार्मिक, बहुजातिय, बहुभाषिक तथा बहुसांस्कृतिक देश हो । भौगोलिक विविधताले युक्त यस देशमा जातिय विविधता पनि रहेको छ । यहाँ आ-आफ्नै सामाजिक, सांस्कृतिक तथा धार्मिक पृष्ठभूमि भएका जनजाति तथा आदिवासी समूहहरू छन् । वि.सं. २०५८ सालको जनगणना अनुसार यहाँ ५९ जनजातिका मानिसहरू बसोबास गर्दछन् । जहाँ प्रत्येक जातजाति अनुसार भाषा, धर्म, रितीरिवाज, परम्परा, संस्कृति फरक फरक रहेका छन् ।

संसारको हरेक समाजमा आ-आफ्नै प्रकारका नियम वा तरिकाहरू हुन्छन् । तिनै नियम र तरिकाहरूबाट नै त्यो समाज निर्देशित भएको हुन्छ । जसलाई समाजले स्वीकारेको हुन्छ । समाजलाई स्थायित्व प्रदान गर्न र निरन्तरता दिने सामाजिक संस्थालाई डोऱ्याउने काम संस्कारले गर्दछ । मानिसले आफ्नो व्यक्तिगत तथा सामाजिक जीवनलाई व्यवस्थित पारी पूर्णतातिरको मार्ग अपनाउन जुन पद्धति तथा संस्थागत व्यवस्थाहरू अवलम्वन गरेका हुन्छन्, ती व्यवस्थामध्ये संस्कार एउटा मुख्य पद्धति हो । संस्कारको शाब्दिक अर्थ 'शुद्धि', 'सुधार' अथवा 'सफाई' हो । "जीवनलाई शुद्ध पार्न समुचित तरिकाले गरिएको कार्य पद्धति नै संस्कार हो" (बराल, २०४४) ।

जन्मदेखि मृत्युपर्यन्त मनाइने विभिन्न संस्कारहरूलाई मानवशास्त्रीहरू सामाजिक संस्कारहरू भन्दछन् । मान्छेले आफूलाई शिकारी तथा घुमन्ते फिरन्तेको रूपमा रहँदा देखि नै कुनै न कुनै रूपमा यी सामाजिक संस्कारहरू मान्दै आएको देखिन्छ ।

प्रसिद्ध मानवशास्त्री एल.एच. मोगार्नले विवाहको बारेमा उल्लेख गर्दै भनेका छन् कि– "रक्त सम्बन्धमा समेत यौन" सम्बन्ध राखिने विवाहको आदिम रूपबाट विकास हुँदै विद्यमान एकल विवाह प्रचलनमा आएको छ" (एन्गेल्स, १९८६) । मानिसको जीवनमा जन्म, युवावस्थामा प्रवेश, प्रजनन अनि मृत्यु, प्राकृतिक रूपले आइपर्ने घटनाहरू हुन् । तर मानिस एक सामाजिक प्राणी भएकोले ती जीवनका घटनाहरूको सांस्कृतिक महत्व हुन्छ । तसर्थ कुनै पनि यस्तो मानव जाति छैन जसमा उक्त संकटका अवस्थाहरूलाई कुनै न कुनै रूपले मान्यता प्रदान नगरोस् । कुनै पनि मानव जातिमा उक्त घटनाले विभिन्न व्यक्ति तथा समूहहरूको बीच आपसमा नयाँ सम्बन्ध सृजना गर्दछन् र त्यसैबाट व्यक्तिको भूमिका र स्तरको व्याख्या हुन्छ । त्यसैले जन्म, विवाह, मृत्युजस्ता घटनाहरूलाई कुनैपनि मानव समाजमा विभिन्न रूपले सांस्कृतिक मान्यता दिइएको हुन्छ ।

नेपालमा विभिन्न जातजाति भए पनि पहिचान भएका र कानूनी मान्यता प्राप्त गरेका ५९ जनजातिहरू देखिएका छन् । नेपालको तराईमा बसोबास गर्ने विभिन्न जातिहरूमध्ये मेचे जाति पनि एकहो । जसको आफ्नै मौलिक संस्कृति र विशेषताहरू रहेका छन् । नेपालको पूर्वीय तराई फाँटमा मुख्य गरी झापा जिल्लालाई आफ्नो कर्मथलो बनाएका यो जातिको पनि आफ्नै छुट्टै पहिचान र अस्तित्व पाइन्छ । आफ्नो भाषामा आफूलाई बोडो ( (Bodo) भन्ने यो पिछडिएको आदिबासी/जनजाति मध्ये एक हो । मुख्य गरी झापा जिल्लालाई आफ्नो बासस्थान बनाएका यी जातिहरू केही मात्रामा मोरङ्ग र सुनसरीमा पनि पाइएका छन् । वि.सं. २०५८ सालको जनगणना अनुसार झापा, मोरङ्ग र सुनसरीमा यिनीहरूको जनसंख्या ३,७६३ उल्लेख गरिएको छ (के.त.वि. २०५८) ।

मेचेलाई पूर्वी पहाडका राईका खलक मानिए पनि यिनीहरू कहाँबाट नेपाल आए ?, उद्गम स्थल कहाँ हो? नेपालमा कहिलेदेखि बसोबास भएको हो ? भन्ने आधिकारिक तथ्य भने फेला पार्न नसकिए पनि मेचेहरू भूटान, सिक्किम, पश्चिम

वंगाल र आसाम राज्यमा बढी पाइएकोले यिनीहरूको आगमन भारतको पूर्व उत्तर क्षेत्रतिरबाट भएको हुनुपर्छ भन्ने अनुमान गर्न सकिन्छ ।

मेचेहरूको शरीर मध्यम कदको र बलिष्ठ हुन्छ । उनीहरूका तिखा आँखा, थेप्चो नाक, पातलो दाह्री जुँगा, कपालको रौं बाक्लो, मोटो ओठ, बाटुलो अनुहार र प्रायःकालो वर्ण हुन्छ । यिनीहरू सोझा, इमान्दार र परिश्रमी हुन्छन् । मेचेहरू परापूर्व कालदेखि नै मेची नदीको किनार र आसपासका क्षेत्रमा बसोबास गर्दै आएका कारणले मेचे भनिएको भन्ने किम्बदन्ती रहेको छ । पहिले जंगलको छेउछाउ, नदीको किनारमा बसी शिकार र माछा मार्न रुचाउने मेचेजाति अत्यन्त हिंस्रक थिए । आफ्ना अगाडि राँगा, सुंगुर जे देख्यो, त्यही खाने हुँदा यो जातिलाई 'प्लेचा' भनिन्थ्यो । मेचे भाषामा 'म्लेचाको' अर्थ हिंस्रक हुन्छ । पछि यही म्लेचा शब्द अपभ्रंस भै मेचे भएको भन्ने धाइजन-३ का शिक्षक पूर्ण मेचे (४६)( जसलाई अनुसन्धानको क्रममा शनिश्चरेमा भेटिएको) को भनाइ छ । तर मेचेहरू मेची नदिको आसपासमा बस्ने हुनाले मेचे भएका वा मेचे बसेकाले नदीको नाम मेची भयो भन्ने भरपर्दो प्रमाण भने आजसम्म पनि फेला परेको छैन भनि स्वयं मेचेहरु पनि स्विकार्छन् ।

मेचे जातिको आफ्नै प्रकारको भाषा, धर्म, परम्परा, चालचलन, भेषभूषा, संस्कृति र संस्कारहरू रहेका छन् । यस अध्ययनमा पूर्वाञ्चल विकास क्षेत्रको मेची अञ्चल, झापा जिल्ला, शनिश्चरे गा.वि.स. को वडा नं. ८ मा बसोबास गर्ने मेचे जातिको सामाजिक संस्कारहरूका बारेमा खोज अध्ययन गरिएको छ ।

## १.२ अध्ययन समस्याको कथन

नेपाल विविध जाति, धर्म, भाषा एवं संस्कृतिले सम्पन्न मुलुक हो । हरेक जनजातिको संस्कृति नै राष्ट्रियताको पहिचान हो । तसर्थ मुलुकको सर्वाङ्गीण विकासको लागि एकजातिको उत्थानले मात्र सम्भव छैन । सम्पूर्ण भाषा, जाति,

धर्म, क्षेत्र, लिङ्ग र सम्प्रदायका मानिसहरूको समान रूपले विकास हुनु नितान्त आवश्यक छ ।

मेचे जातिमा आफ्नै प्रकारका लोक संस्कृति, भाषा, परम्परा, विवाह प्रणाली, मृत्यु संस्कार, चाडपर्व एवं पूजाआजा आदि छन् । यिनीहरू आफ्ना पूर्वजहरूले गर्दै आएका संस्कारहरू, भाषा, एवं संस्कृतिको संरक्षण गर्दै आएका छन् । यस अध्ययनका निम्न लिखित समस्याहरू औंल्याई प्रश्नहरूको जवाफ खोज्ने प्रयास गरिएको छ ।

- मेचे जातिको परम्परागत विवाह संस्कार कस्तो छ ?
- मेचे जातिका मानिसको जन्म र मृत्युमा अपनाइने रितीहरू के के छन् ?
- मेचे जातिका सामाजिक संस्कारमा अपनाइने पद्धति अरु जातिका भन्दा भिन्न छन् या छैनन् ?
- विभिन्न संस्कारमा छोरा या छोरी कस्को बढी महत्व छ र किन ?
- मेचे जातिका सामाजिक संस्कारहरूमा समाजको कस्तो प्रभाव परेको छ ?

### १.३ अध्ययनको उद्देश्य

यो अध्ययन मेचे जातिहरूको सामाजिक संस्कारका बारेमा जानकारी लिने एवं मेचे जातिको बारेमा जान्न चाहने विभिन्न व्यक्ति तथा संस्थालाई पनि केही हदसम्म मेचे जातिको बारेमा बुझ्न सहयोग पुगोस् भन्ने उद्देश्यले गरिएको छ । यसका निम्न उद्देश्यहरू रहेका छन् ।

- मेचे जातिको सामाजिक तथा सांस्कृतिक संस्कारहरूको बारेमा अध्ययन गर्ने ।
- मेचे जातिको सामाजिक तथा सांस्कृतिक पक्षको अध्ययन गर्ने ।
- मेचे जातिको सामाजिक संस्कार तथा संस्कृतिहरूमा देखा परेका परिवर्तनहरूको अध्ययन गर्ने ।

## १.४. अध्ययनको महत्त्व एवं सान्दर्भिकता

विभिन्न जातजाति, भाषा-भाषिक, धर्म, संस्कृति, मूल्य-मान्यता, परम्परा बोकेका मानिसलाई राष्ट्रको  मुल प्रवाहमा समाहित गर्नु आजको आवश्यकता मानिन्छ । यस अध्ययनमा नेपालको मेचे जातिको सामाजिक संस्कारहरुका बारेमा अध्ययन गरिएको छ । यसका महत्व निम्न छन् ।

- मेचे जातिको सामाजिक संस्कारको बारेमा गरिएको अध्ययनले समाजशास्त्रीय/मानवशास्त्रीय अध्ययनमा सहयोग पुग्ने छ ।
- मेचे जातिमा प्रचलित सामाजिक संस्कारहरूका बारेमा बुझ्न सघाउ पुऱ्याउने छ ।
- परम्परा, चालचलन, रितीरिवाज, धर्म, संस्कृतिको बारेमा सैद्धान्तिक ज्ञान प्राप्त हुन सक्छ ।
- यस अध्ययनबाट अन्य जातिहरूका स्वभाव एवं जातिहरू बीचको अन्तरक्रिया बारेमा केही ज्ञान प्राप्त हुन सक्छ ।
- यस अध्ययनले जातिय विकास योजना तर्जुमा गर्नका लागि विभिन्न अध्ययनकर्ता एवं संघ संस्थालाई सहयोग पुग्नेछ ।
- मेचे जातिका जन्म, विवाह, मृत्यु एवं अन्य सामाजिक संस्कारलाई नजिकबाट नियाल्न मद्दत पुऱ्याउने छ ।

## १.५ अध्ययनको संगठन

प्रस्तुत शोधपत्रलाई आठ अध्यायमा विभाजित गरिएको छ । जसको ढाँचा निम्न अनुसार रहेको छ :

अध्याय - १ :अध्याय १ मा अध्ययनको सामान्य पृष्ठभूमि, अध्ययन समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व एवं सान्दर्भिकता आदिको बारेमा प्रकाश पारिएको छ ।

अध्याय - २ :अध्याय २ मा विषयसँग सम्बन्धित सन्दर्भ साहित्यको पुनरावलोकनको चर्चा गरिएको छ ।

अध्याय - ३ :अध्याय ३ मा अनुसन्धान पद्धति अन्तर्गत अध्ययन क्षेत्र छनौटको औचित्य, अनुसन्धान ढाँचा, नमूना छनौट विधि, तथ्यांक सङ्कलन विधि, तथ्यांकको विश्लेषण तथा प्रस्तुतीकरण, अध्ययनको सीमाका बारेमा उल्लेख गरिएको छ ।

अध्याय - ४ :अध्याय ४ मा अध्ययन क्षेत्रको परिचय अन्तर्गत झापा जिल्ला एक परिचय, सिमाना, हावापानीको स्थिति, विभिन्न जातजातिको स्थिति, शनिश्चरे गा.वि.स. परिचय, शिक्षा, स्वास्थ्य, विकास कार्यक्रम, पर्यटक, आदिको उल्लेख गरिएको छ ।

अध्याय - ५ :अध्याय ५ मा सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्था अन्तर्गत: परिचय, मेचे जातिको उत्पत्ति, मेचे जातिको थर तथा उपथर, अन्य जातिसँगको सम्बन्ध, जनसंख्या, पारिवारिक संरचना, स्वभाव र प्रकृति, आरीरिक वनावट, घरको वनावट, भाषा, पेशा, धर्म, भेषभूषा, खानपान, विभिन्न चाडपर्वहरू, पूजाहरू, आर्थिक अवस्था, महिलाको अवस्था, राजनैतिक स्थितिको बारेमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

अध्याय - ६ :अध्याय ६ मा मेचे जातिको विभिन्न सामाजिक संस्कारहरूको कार्य पद्धतिको बारेमा विश्लेषण गरिएको छ ।

अध्याय - ७ :अध्याय सातमा मेचे जातिको सामाजिक संस्कारहरूमा अपनाइने पद्धतिमा देखापरेका परिवर्तनहरूको बारेमा व्याख्या तथा विश्लेषण गरिएको छ । यसरी संस्कारहरूमा आएको परिवर्तनले समाजमा देखा परेका परिवर्तनको बारेमा उल्लेख गरिएको छ ।

अध्याय - ८ :अध्याय आठमा सम्पूर्ण अध्ययनको सारांश र उपसंहार प्रस्तुत गरिएको छ ।

अन्त्यमा सन्दर्भ ग्रन्थ सूची दिइएको छ ।

# अध्याय – २

# सन्दर्भ साहित्यको पूनरावलोकन

संस्कारले मानव जीवनको विकासको क्रममा विभिन्न अवस्थालाई दर्शाउँछ । एउटा बालक कुन अवस्थामा पुग्यो र ऊ कुन कामका लागि योग्य छ भन्ने कुरा जान्नको निम्ति प्रचलित संस्कारहरू बुझ्नु पर्छ । मानव जीवनको अवस्थालाई जन्म, विवाह र मृत्यु गरी विभिन्न भागमा विभाजन गरेको पाइन्छ । संस्कारहरू समाज, समय र परिस्थिति अनुसार भिन्न भिन्न स्वरूपमा देख्न सकिन्छ । त्यसैले समाजमा विद्यमान विभिन्न संस्कारहरूका एउटै सर्वमान्य परिभाषा पाइंदैन । प्रेमकुमार खत्री (२०४४) ले आफ्नो पुस्तक "नेपाली समाज र संस्कृति" (२०४४) मा संस्कारलाई यसरी परिभाषित गरेको पाइन्छ । "मानव समाजले आफ्नो शुद्धता परिष्कृत एवं उन्नतीका लागि विशेष अवसरका रूपमा सम्पन्न गर्ने पर्व वा व्यवहार विशेष नै संस्कारहरू हुन् ।" तर समाजको परिवर्तनसँगै समाजमा स्थापित संस्कार प्रतिको धारणामा पनि परिवर्तन आएको छ । जस्तो : विवाहलाई एउटा आधारभूत सामाजिक संस्कारको रूपमा लिइन्छ जस्लाई धर्म, जात, स्थान, आर्थिक विषमता, संस्कृति र भौगोलिक परिवेशले मुख्य रूपमा असर पारेको हुन्छ । समाजमा आएको परिवर्तनसँगै विवाहको पद्धतिमा पनि परिवर्तन हुनुमा भौतिकवादी दृष्टिकोणलाई मुख्य रूपमा लिन सकिन्छ । यसका अतिरिक्त व्यक्तिगत स्वतन्त्रता, बाह्य सम्पर्क, सामाजिक नियन्त्रणको अभाव पनि प्रमुख कारक हुन् । वर्तमान समाजमा देखिएको समलिङ्गी विवाह पद्धति एवं पश्चिमी देशहरूमा विवाहपूर्व हुने यौन सम्बन्धलाई सामाजिक स्वीकृति हुने भएकोले विवाहको सर्वमान्य परिभाषा बन्न सकेको छैन ।

विवाहका बारेमा पूर्वीय साहित्यले "संस्कारमूलक अनुष्ठान" मानेको छ भने पाश्चातय साहित्यले 'करारमूलक सम्झौता' मानेर सोही अनुसार नै परिभाषा

दिएका छन् । हिन्दू दर्शनबाट हेर्ने हो भने विवाह एक धार्मिक संस्कार हो जसले आफ्नो परम्परालाई निरन्तरता दिइरहेको पाइन्छ । यस संस्कार अनुसार गरिने विवाहमा लोग्ने स्वास्नीको सम्बन्ध यस लोक देखि परलोकसम्म रहिरहन्छ । त्यसैगरी बौद्धिक धर्मशास्त्रले विवाहलाई एक आवश्यक एवं आध्यात्मिक संस्कारको रूपमा मानेको छ । संसारमा सबै परम्परा एवं सामाजिक संस्कारहरूमा भिन्नता पाइन्छ ।

- मनुस्मृति (९/१३७) मा उल्लेख गरिएको छ कि “छोराबाट बाबुले स्वर्ग आदि उत्तमलोक प्राप्त गर्दछ भने नातिबाट लोकमा अनन्त कालसम्म निवास गर्दछ र पनातिबाट सूर्यलोक प्राप्त गर्दछ । ” यसबाट के बुझिन्छ भने मेचेका सामाजिक संस्कारहरुलाई परापूर्व कालबाट नै मान्यता दिएको देखिन्छ ।

- खनाल .२०३५) ले अनुसन्धानात्मक लेखमा – मेचेहरू पहिले अछुत थिए तर तत्कालिन प्रधानमन्त्री जंगबहादुर राणा झापा आउँदा मेचे जातकी कन्या निलसरीसँग मोहित भई पानी चलाउने प्रलोभन देखाएर निलसरीसँग विवाह गरेको र त्यसपछिबाट उनीहरूले छोएको पानी चलेको कुरा उल्लेख गरेका छन् । जसबाट मेचेहरुको सम्बन्ध नेपालको इतिहाससंग जोडिएको र उनीहरुको जातीय महत्व रहेको देखिन्छ ।

- शर्मा (२०४०)ले मेचे जातिको संस्कार परिचयमा– मेचेहरू धार्मिक विषयमा द्रविडियनहरूसँग, सामाजिक रूपलेधिमालहरूसँग र सांस्कृतिक रूपमा किरातहरूसँग आंशिक निकटता रहेको र भारतीय राज्य आसामको ‘बोडो’ जातिसँग अधिकांश मात्रामा समानता रहेको उल्लेख गरेका छन् ।

- क्षेत्री (२०६५) ले “मेचे जातिः संक्षिप्त परिचय” मा मेचे जातिको जन्मदेखि मृत्यु पर्यन्तसम्म गरिने संस्कारहरू एवं मेचेको उद्भव देखि

वर्तमानसम्मको कुराको उल्लेख गर्नु भएको छ । जसबाट मेचे जातिको बारेमा जान्न र बुझ्न चाहने व्यक्तिलाई सहयोग पुगेको छ ।

- हड्सन (ई.१८४५) ले नेपालमा बसोबास गर्ने जातजातिको अध्ययन अनुसन्धान गर्ने क्रममा मेचे जातिको पनि उल्लेख गरेको पाइन्छ । यसैका आधारमा पनि भन्ने हो भने मेचेहरू परापूर्वकालदेखि नै नेपालमा बसोबास गर्दै आएको पाइन्छ ।

- एच.एच. रिसील्ली (१८९७ (पे. ८७)ले "ट्राइब्स एण्ड कास्टस् अफ बंगाल" मा मेचेहरूको उत्पत्ति तथा बासस्थान सम्बन्धी केही कथाहरू उल्लेख गर्नु भएको छ । जसबाट मेचे जातिको बारेमा अझ नजिकबाट बुझ्न सहयोग पुगेको छ ।

- दाहाल (२०६२) ले धिमालका सामाजिक संस्कारहरूका बारेमा लेख्नु भएको छ जस्मा धिमाल जातिको जन्म, विवाह, एवं मृत्य हुँदा अपनाइने संस्कारहरूका प्रचलनका बारेमा जानकारी दिएको पाइन्छ ।

- ह्यामिल्टन (ई.१८०३) ले नेपालका जातिको बारेमा वर्णन गर्दै विजयपुर राज्यको पूर्वपट्टि मेचेहरू बस्दछन् भन्ने कुराको उल्लेख गरेकाले धेरै पहिलेदेखि नै मेचे जातिको आगमन र वसोबास नेपालमा भइसकेको कुरा प्रमाणित हुन्छ ।

- लिम्बु (२०६४ : २) ले– मेचेहरूलाई ऐतिहासिककाल खण्डसँग जोड्दै नरकासुरको छोरो मेचे भगदत्तले किराँत सेना र चिनियाँ सेनागरी दुई पल्टन सेना लिएर कुरु क्षेत्रको युद्धभूमिमा पाण्डव विरुद्ध लडेका थिए । तर युद्धमा अर्जुनले उनीहरूलाई मारेका थिए भनि मेचेहरू ऐतिहासिक कालखण्डबाट परिचित थिए भनी भनेका छन् ।

- श्रेष्ठ (२०३२ : ६५-६६) ले– विक्रम सम्वत शुरु हुनुभन्दा पनि एकहजार वर्ष अगाडि पूर्वतिरबाट बोडो जातिका एकहूल मानिस भारत प्रवेश गरेका थिए । तिनीहरू ब्रह्मपूत्र नदीका किनारमा बसोबास गर्न थाले पछि विस्तारै आसाम र उत्तरी तथा पूर्वी बंगालमा फैलिए । तिनीहरूमध्ये केही आजकल विहार र नेपालको झापा, मोरङ्ग र सुनसरी जिल्लामा बसोबास गर्छन् भनी मेचेहरूको उत्पत्ति र विकासको बारेमा प्रष्ट्याएका छन् ।

- सन्याल (१९६७ : १०) ले पनि बोडोहरु ईशापूर्व दशौं शताब्दीपूर्वबाट भारत प्रवेश गरी ब्रह्मपुत्र नदीको किनार बसोबास गरी विस्तारै आसामभरी र उत्तरी र पूर्वी बंगालमा फैलिए र सन् १२०६ मा तिब्बत प्रवेश गरेका थिए । तिब्बतको बिचमा थिए । तिब्बतको वीचमा जंगल र पहाड थियो जहाँ ३ थरी गैर-भारतीय मंगोलियन जनजातिहरू कोच, मेच र थारु बस्दथे भनी मेचेहरूको उत्पत्ति कोच एवं थारुहरूसँग भएको भनी उल्लेख गरेका छन् ।

# अध्याय - ३

# अनुसन्धान पद्धति

यस अध्याय ३ मा नमुना छनौट विधि, तथ्यांक सङ्कलन विधि, अनुसूची विधि, अन्तरवार्ता विधि, तथ्यांक सङ्कलन विधि आदि विधिहरूको प्रयोग गरी अध्ययन गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्रको छनौटको औचित्य

नेपालको पूर्वी तराई क्षेत्रमा बसोबास गर्ने मेचे जातिको सामाजिक तथा सांस्कृतिक पक्षको अध्ययन गरी मेचे संस्कृतिलाई प्रतिनिधित्व गर्ने गरी झापा जिल्लाको उत्तरमा अवस्थित मेचेहरूको बसोबास रहेको शनिश्चरे गा.वि.स. अन्तर्गतको लक्ष्मीपुर गाउँमा रहेका मेचे जातिको सामाजिक संस्कारहरूलाई अध्ययनको केन्द्रविन्दु मानिएको छ । अध्ययनकर्ता यस क्षेत्रसँग परिचित भएको र सोही क्षेत्रमा अध्ययनकर्ताको बसोबास भएकोले मेचे जातिको बारेमा बुझ्न थप सहयोग हुन्छ भनेर यस क्षेत्रलाई छनौट गरिएको छ ।

## ३.२ अनुसन्धान ढांचा

यस अध्ययनको ढाँचा मुख्यतया वर्णनात्मक पद्धतिको छ । जातिय संस्कृतिको एवं सामाजिक संस्कारको बारेमा अध्ययन गर्दा यहाँका मेचेहरूको जन्म हुँदा गरिने संस्कार विधिहरू, विवाह एवं मृत्युका संस्कार विधिहरू, रहनसहन आदिको वर्णनात्मक तरिकाले अध्ययन गरिएको छ ।

## ३.३ नमूना छनौट विधि

छनौट गरिएको यस अध्ययन क्षेत्रमा जम्मा ५० घरधूरी मेचेहरूको रहेका छन् । नमूना छनौट गर्दा गुणात्मक तथ्यांकहरू लिनका लागि यसै जातिसँग

सम्बन्धित विज्ञ, बुढापाका, शिक्षित वर्ग आदिलाई मुख्य सूचनादाताको रूपमा लिइएको छ । साथै नमूना छनौट गर्न व्यवस्थित नमूना छनौट (systematic sampling) विधि प्रयोग गरिएको छ । जसमा ५० घरधूरीको समग्रताबाट दुईको अन्तरालमा जम्मा २५ घरधूरीलाई नमूनाको रूपमा मानी तथ्यांक सङ्कलन गरिएको छ । नमूना छनौट भित्र कूल घरसंख्या ५० को ५०% घरधुरी नमूना भित्र परेका छन् । छनौट भएका घरका घरपरिवारलाई आवश्यकता अनुसार तयार पारिएको प्रश्नावलीको आधारमा प्रश्न सोधी संख्यात्मक एवं परिमाणात्मक तथ्यांकहरू सङ्कलन गरिएको छ ।

## ३.४ तथ्यांक सक्तलन विधि

१. नमूना छनौटमा परेका घरपरिवारसँग संरचित प्रश्नावलीका आधारमा प्रश्न सोधी संख्यात्मक तथा गुणात्मक तथ्यांक सङ्कलन गरिएको छ ।

२. अन्तर्वार्ता र अवलोकन माध्यमबाट उनीहरूको जन्म, विवाह, मृत्यु जस्ता सामाजिक संस्कारहरूको जानकारी लिई तथ्यांक सङ्कलन गरिएको छ । प्रचलित संस्कारहरू, पहिले र अहिलेका संस्कारहरूमा फरकपन, यसका कारणहरू, समाजमा यिनीहरूले पारेको प्रभाव र समाजले यसलाई कसरी ग्रहण गरेको छ भन्ने सम्बन्धमा आवश्यक प्राथमिक तथा द्वितीय तथ्यांक सङ्कलन गरिएको छ ।

### ३.४.१ अनुसूची विधि

यस अध्ययन कार्यमा मुख्यतया जनसंख्या, शिक्षा, स्वास्थ्य, सामाजिक, आर्थिक, विभिन्न सामाजिक संस्कारहरू आदिको जानकारी लिन अनूसूची विधिको प्रयोग गरिएको छ । यस शोधकार्यको लागि संरचित प्रश्नावलीको प्रयोग गरिएको छ । प्रश्नावलीको प्रयोग पेशा, धर्म, लिङ्ग, परिवारको प्रकार, परिवार संख्या, वार्षिक आय-व्यय, विभिन्न सामाजिक संस्कारहरू मनाउने तरिका जस्ता विषयमा प्रश्न राखी तथ्यांक सङ्कलन गरिएको छ ।

### ३.४.२ अन्तर्वार्ता विधि

प्राथमिक तथ्यांक सङ्कलन गर्दा सवभन्दा उपयुक्त विधिको रूपमा अन्तर्वार्तालाई लिइन्छ । अतः यहाँ पनि यसै विधिलाई प्रयोग गरिएको छ । अन्तर्वार्ताको माध्यमबाट उत्तरदाताबाट प्रभावकारी तथ्यहरू सङ्कलन गर्न सहयोग मिलेको छ । अन्तर्वार्ता लिंदा वृद्ध, शिक्षित एवं अनूभवि व्यक्तिहरूसँग समय लिई आमने-सामने बसी उनीहरूको विभिन्न सामाजिक संस्कारहरू, ती संस्कारहरू अपनाइने पद्धतिहरू, पहिले र अहिलेको सामाजिक संस्कारमा आएको भिन्नता आदिका बारेमा प्रश्न राखिएको थियो । अन्तर्वार्ताको क्रममा पहिले नै तयार गरिएको चेक लिष्टको आधारमा प्रश्नहरू उत्तरदाताहरू समक्ष राखी आएका उत्तरहरू टिपोट गरी तथ्यांक सङ्कलन गरिएको छ । आवश्यक परेकोमा चेक लिष्टमा नभएका अनिर्मित प्रश्नहरू पनि सोधी तथ्यांक सङ्कलन गरिएको छ ।

### ३.४.३ सहायक/द्वितीय तथ्यांक सक्तलन विधि

शोधकार्यमा सहायक तथ्यांक सङ्कलन विधिको पनि उत्तिकै आवश्यकता पर्दछ । प्राथमिक तथ्यांकबाट प्राप्त नभएका तथ्यांकहरू सहायक तथ्यांकबाट ञप्राप्त गर्न सकिन्छ । यसको लागि विभिन्न समाजशास्त्री/मानवशास्त्रीहरूले लेखेका लेख, रचना, पुस्तक, पत्रपत्रिका, प्रतिवेदन, शोधपत्र आदिलाई श्रोत मानी त्यसबाट तथ्यांक सङ्कलन गर्ने कार्य गरिएको छ ।

### ३.५ तथ्यांकको विश्लेषण तथा प्रस्तुतीकरण

संकलित तथ्यांकहरूलाई व्यवस्थित गर्न तथ्यांकहरूको प्रकृति अनुसार तालिकीकरण र वर्गीकरण गरी व्याख्या विश्लेषण गरिएको छ । प्रस्तुतीकरणमा वर्णनात्मक तरिका अपनाइएको छ ।

## ३.६ अध्ययनको सीमा

- यो अध्ययन झापा जिल्ला, शनिश्चरे गा.वि.स., वडा नं. ८ मा मात्र बसोबास गर्ने मेचे जातिको सामाजिक संस्कारहरूका बारेमा केन्द्रित रहेको छ ।
- यस अध्ययनले सम्पूर्ण (देशभरिका) मेचे जातिका सामाजिक संस्कारहरूका पद्धतिलाई समेट्न सकेको छैन ।
- निश्चित ठाउँको मेचेहरूको मात्र जीवनमा आउने जन्म, विवाह, मृत्यु जस्ता सामाजिक संस्कारहरूमा अपनाइने पद्धतिका बारेमा, तिनीहरूमा आएको परिवर्तनका बारेमा र समाजसँग त्यसको सम्बन्धका बारेमा मात्र केन्द्रित छ ।
- यस अध्ययनले सम्पूर्ण मेचे जातिको सामाजिक संस्कारहरूमा अपनाइने पद्धति एउटै हुनसक्छ भन्न सकिंदैन ।

# अध्याय - ४

# अध्ययन क्षेत्रको परिचय

यस अध्यायमा अध्ययन क्षेत्र अथवा झापा जिल्लाको परिचय, सिमाना, हावापानी, त्यहाँका जातजातिको स्थिति, शनिश्चरे गा.वि.स. परिचय, शिक्षा, स्वास्थ्य, विकास कार्यक्रम, पर्यटन, आदिको बारेमा अध्ययन गरिएको छ ।

## ४.१ झापा जिल्ला एकपरिचय

"झापा जिल्ला नेपालको पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत सुदूर पूर्वी तराईको एकविकसित जिल्ला हो । यो जिल्ला क्षेत्रगत हिसावमा सङ्चालिसौं र जनसंख्याको हिसावमा चौथो स्थानमा पर्छ । जम्मा क्षेत्रफल १६०६ वर्ग कि.मी. भएको यस जिल्लाको पूर्व-पश्चिम लम्बाई ४६ कि.मी. र उत्तर-दक्षिण सरदर चौडाई २९ कि.मी. छ । यस जिल्लाको कुल जनसंख्या ३४,६३,०४२ छ जसमा पुरुषको संख्या ३१,४४,६२७ छ भने महिलाको संख्या ३१८४१५ छ । यस जिल्लामा ३ नगरपालिका एवं ४१ गा.वि.स. रहेका छन् । यसको सदरमुकाम चन्द्रगढी हो (जिल्ला परिचय झापा, २०६३) ।

### ४.१.१ सिमाना

यस जिल्लाको सिमाना पूर्वमा भारतको पश्चिम वंगाल राज्य, पश्चिममा मोरङ्ग जिल्ला, उत्तरमा ईलाम जिल्ला र दक्षिणमा भारतको विहार राज्य पर्दछ ।

### ४.१.२ हावा पानीको स्थिति

यस जिल्लामा उष्ण मनसुनी हावापानी पाइन्छ । गृष्म कालमा यहाँको तापक्रम ३२° देखि ३५° से. सम्म पुग्छ भने शितकालमा १५° देखि १° से. सम्म ओर्लिन्छ । कुनै वर्ष अधिकतम तापक्रम ४२° से. सम्म पनि पुगेको पाइन्छ । वर्षा ऋतुमा हिन्दमहासागरको बंगालको खाडीबाट आउने मनसुनी हावाबाट यहाँ २७१.७५ मि.मि. सम्म वर्षा हुने गरेको पाइन्छ । यहाँको हावापानी ज्यादै उष्ण र सुष्क हुने हुँदा स्वास्थ्यका लागि उपयोगी नभए पनि कृषि कार्यको लागि उपयोगी मानिन्छ (जिल्ला परिचय, झापा, २०६३) ।

### ४.१.३ विभिन्न जातजातिको स्थिति

झापा जिल्लामा विभिन्न जाति-जनजातिहरू बसोबास गर्दछन् । मुख्यगरी ब्राह्मण, क्षेत्री, राजवंशी, मेचे, तेली, राई, मगर, थारु, तामाङ्ग, नेवार, कामी, दमाई, लिम्बु, धिमाल, सतार, सुनुवार, दनुवार, सार्की, गिरी आदि जातिको बसोबास पाइन्छ । प्रत्येक जातजातिको आ-आफ्नै भाषा, धर्म, रितिरिवाज एवंम मौलिक संस्कृति रहेका छन् ।

झापा जिल्ला आदिवासी जनजातीको मुख्य थलो हो । झापा जिल्लामा आफ्नै छुट्टै परिचय लिएर आफूलाई उभ्याउने जाति मध्ये मेचे जाति पनि एक प्रख्यात जाति हो जस्को अरुको भन्दा छुट्टै धर्म, संस्कृति एवं रहनसहन छ । वि.सं. २०५८ सालको जनगणना अनुसार नेपालमा मेचे जातिको कुल जनसंख्या ३७६३ रहेको छ । झापा जिल्लामा जातजातिको आधारमा जम्मा २९०३ मेचेहरु अवस्थित छन् जसमा अध्ययन क्षेत्र मानिएको शनिश्चरे गा.वि.स. मा १८० मेचेहरु छन ।

झापा जिल्लामा अवस्थित मेचेहरूको जनसंख्यालाई तलको तालिकाद्वारा प्रष्ट पारिएको छ ।

**तालिका १: झापा जिल्लाका मेचे जातिको जनसंख्या विवरण**

| विवरण | जनसंख्या | प्रतिशत |
|---|---|---|
| कूल | २९०३ | ०.४६ |
| पुरुष | १४०२ | ०.४५ |
| महिला | १५०१ | ०.४७ |

स्रोतः के.त.वि., २०५८ ।

तालिका १ अनुसार झापा जिल्लामा मेचे जातिहरूको कूल प्रतिशत ०.४६ अर्थात् २९०३ जनसंख्या मध्ये पुरुष १४०२ र महिला १५०१ रहेका छन् । अर्थात् पुरुष भन्दा महिलाको संख्या बढी रहेको पाइन्छ ।

## ४.२ शनिश्चरे गा.वि.स. परिचय

अध्ययनकर्ताले अध्ययनका लागि रोजेको यो गा.वि.स. झापा जिल्लाको पूर्वीय-उत्तर दिशामा अवस्थित छ । यस गा.वि.स.को पूर्व र उत्तरमा बुधबारे, दक्षिणमा अनारमुनी र पश्चिममा अर्जुनधारा गा.वि.स. पर्दछन् । यस गा.वि.स. लाई ९ वडामा विभाजन गरिएको छ । जम्मा ३९२५ घरधुरी भएको यस गाविसमा पुरुष संख्या १०२३२ र महिला १००६६ र जम्मा जनसंख्या २०२९८ छ । (जिल्ला परिचय झापा, २०६३)

**तालिका २: शनिश्चरे गा.वि.स.मा अवस्थित विभिन्न जातजातिको जनसंख्या विवरण :**

| वर्गीकरण | प्रतिशत |
|---|---|
| ब्राह्मण | २८.६३ |
| क्षेत्री | १७.११ |
| लिम्बु | ६.५२ |
| राई | ६.४८ |
| तामाङ | ५.३१ |
| कामी | ४.८२ |
| थारु | ४.२३ |
| संन्यासी | ३.५२ |
| मगर | ३.२६ |
| दमाई | २.८६ |
| सन्थाल | १.८८ |
| मुस्लीम | १.५४ |
| धिमाल | १.२६ |
| घर्ति भुजेल | १.१२ |
| दनुवार | १.०६ |
| मेचे | .८७ |
| अन्य | ९.५३ |
| जम्मा | १०० |

श्रोतः केन्दीय तथ्याङ्क विभाग, २०५८

तालिका २ बाट के स्पष्ट हुन्छ भने यस गाविसमा ब्राह्मण, क्षेत्री बढी मात्रामा रहेको देखिन्छ भने मेचेहरु अरु आदिवासी जनजातिभन्दा पनि कम जनसंख्यामा भएको देखिन्छ ।

### ४.२.१ शिक्षा

आत्म निर्भर हुनका लागि आवश्यक पर्ने प्रमुख तत्व शिक्षा हो । शिक्षा प्रदान गर्नु भन्नु नै ज्ञान प्राप्त गर्नु हो । वास्तवमा भन्ने हो भने ज्ञान, सीप र मूल्यहरूको व्यवस्थित र औपचारिक संरचनालाई शिक्षा भनिन्छ । अध्ययन छनौटमा परेको शनिश्चरे गा.वि.स.मा हाल ३ वटा प्रा.वि., २ नि.मा.वि., २ मा.वि. तथा १ उच्च मा.वि. रहेका छन् ।

अनुसन्धान गरिएका २५ घरधूरी मध्ये यहाँ अत्यन्त न्यून संख्यामा मात्र उच्च शिक्षा गर्नेहरू भेटिए । जनचेतनाको अभाव, गरिबी, घरको कामकाज हेर्नुपर्ने वाध्यता, सिमानाको प्रभाव, पढाइ प्रति अरुचि जस्ता कारण नै मेचे जातिमा शैक्षिक अवस्था कमजोर भएको मेचेहरू स्वयं स्वीकारछन् । अनुसन्धानको क्रममा यहाँका घरपरिवारको शिक्षाको अवस्थालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ३: छनौट गरिएका मेचेहरुको शिक्षाको स्थिति (६ वर्ष वा सो भन्दा माथि)**

| अवस्था | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| निरक्षर | ४ | ८.५१ | १३ | ३४.२१ | १७ | २० |
| साक्षर | १७ | ३७.१७ | ८ | २१.०५ | २५ | २९.४१ |
| प्राथमिक तह (१-५) | १० | २१.२७ | ७ | १८.४२ | १७ | २० |
| माध्यमिक तह (६-१०) | १२ | २५.५३ | ८ | २१.०५ | २० | २३.५२ |
| प्रमाणपत्र तह | ३ | ७.३८ | २ | ५.२७ | ५ | ५.८८ |
| स्नातक वा सो भन्दा माथि | १ | २.१२ | - | - | १ | १.१७ |
| जम्मा | ४७ | १०० | ३८ | १०० | ८५ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७

यसरी तालिका ३ बाट मेचे महिला भन्दा पुरुषहरु बढी साक्षर पाइयो तर उच्च शिक्षा लिने मेचेहरुको संख्या भने ज्यादै न्यून भेटियो । यसबाट के स्पष्ट हुन्छ भने शिक्षाको क्षेत्रमा अझ पनि मेचेजाति अरु जातिभन्दा पछाडि नै परेको देखिन्छ ।

### ४.२.२ स्वास्थ्य

मानिस सामाजिक प्राणी हो । त्यसैले स्वास्थ्य रहनु हरेक मानिसको नैसर्गिक अधिकार हो । स्वास्थ्य भन्दा ठूलो धन अरु कुनै हुन सक्दैन । सवै जातजातिको औषधी उपचार गर्ने विधि फरक फरक हुन्छ । त्यस्तै मेचेहरू बिरामी पर्दा सबैभन्दा पहिला जाने ठाउँ र औषधि उपचार गर्ने तरिका आफ्नै प्रकारको छ । मेचेहरू घरमा बाठौ पूजा गर्नाले बिरामी नहुने विश्वास गर्दछन् । मेचेहरू विरामी पर्दा आफ्नो मूलदेवता बाठौलाई सम्झँदै रोजा (धामी) लाई देखाउँछन् । रोजालाई देखाउँदा पनि ठीक नभए मात्र नजिकको अस्पतालमा लैजान्छन् । अध्ययन क्षेत्रका मेचेहरूमा पनि पहिले पहिले रोजालाई अत्यधिक विश्वास गरे पनि आजभोलि विरामी पर्दा स्वास्थ्य चौकी नै गएको देखिन्छ । तर पनि २-४ घर भने अहिले पनि आफू बिरामी पर्दा पहिले रोजालाई देखाएर मात्र अस्पतालमा गएको देखियो ।

आजभोलि स्वास्थ्य विषयमा गरिने प्रचार-प्रसार, महिला स्वयंसेविकाको सक्रियता आदिले गर्दा यिनीहरूले आफ्ना बच्चालाई खोप लगाउने, पोलियो थोपा खुवाउने, भिटामीन ए क्याप्सुल खुवाउने, १४-४५ वर्ष सम्मका महिलाहरूले टि.टि खोप लगाउने, सुँडेनी वा स्वास्थ्य स्वयंसेविकाद्वारा सुत्केरी गराउने गर्न थालेका छन् । मेचेहरू बसेको घर हेर्दा लिपपोत गरी चिटिक्क पारेको देखियो । त्यसैगरी व्यक्तिगत सरसफाई, नुवाई-धुवाई गर्ने, घर-पिँढी सफा गर्ने काम राम्रो भएको देखिन्छ । मेचेहरूको उपचार पद्धतिलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४: छनौट मेचे घरपरिवार उपचार पद्धतिको विवरण**

| उपचार पद्धति | घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|
| अस्पताल | २२ | ८८ |
| धामी (रोजा) र अस्पताल | ३ | १२ |
| **जम्मा** | **२५** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७ ।

तालिका ४ अनुसार कूल २५ घरपरिवारमा ३ घर परिवारले मात्र अर्थात १२ प्रतिशत मेचेहरूले मात्र बिरामी पर्दा पहिले रोजा (धामी) कोमा लैजाने र निको नभएमा मात्र अस्पताल जाने गरेको देखियो भने बाँकी २२ घरपरिवार अर्थात् ८८ प्रतिशतले विरामीलाई पहिले अस्पताल लगेको देखिन्छ ।

### ४.२.३ विकास कार्यक्रम

शनिश्चरे गा.वि.स. पनि विकासमा भौतिक पूर्वाधारहरूसँग जोडिएको छ । यातायात, संचार, विद्युत, शिक्षा, स्वास्थ्य जस्ता भौतिक सुविधाहरू यहाँ अवस्थित छन् र समय सापेक्ष अझ थप विकासका कार्यक्रमहरू भित्र्याइदैछन् । जस्तोः कलेज, पक्की बाटाहरू, बजार, पर्याप्त सवारी साधनहरू, खानेपानी आदि । तर यति धेरै साधन र सुविधाहरू भएर पनि मेचे समुदाय भने पिछडिएकै जातको रूपमा देखिन्छ जस्ले भरपूर रूपमा यी सुविधाहरू उपभोग गर्न सकेको छैन ।

### ४.३.४ पर्यटक

नेपालका प्रायः सबै ठाउँहरू पर्यटकीय दृष्टिले भरि भराउ छन् । नेपालको सबैभन्दा होचो ठाउँ केचनकेवल र सबैभन्दा लामो पक्की पुल (कन्काइ पुल) ले झापा जिल्लालाई आर्कषक गरेको छ । त्यस्तै यस गा.वि.स. पनि पर्यटकको दृष्टिले भरीपूर्ण छ । हरिया चियाका बुट्टाहरू, मिलेको सुपारी र नरीवल बगान पनि हेर्नको लायक नै देखिन्छ । त्यसैगरी यसै गा.वि.स. छेउमा नेपालको प्रख्यात मन्दिर अर्जुनधारा जलेश्वर धाम छ जस्को प्रवेशद्वार शनिश्चरे गा.वि.स. नै पर्दछ ।

# अध्याय - ५

# सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था

अध्याय ५ मा मेचे जातिको सामाजिक, सांस्कृतिक एवं आर्थिक अवस्थाको परिचय, मेचे जातिको उत्पत्ति, थर तथा उपथर, अन्य जाति सँगको सम्बन्ध, जनसंख्या, पारिवारिक संरचना, स्वभाव, प्रवृत्ति, शारीरिक बनावट, घरको वनावट, भाषा, पेशा, धर्म, भेषभूषा, खानपान, चाडपर्वहरू, पूजाहरू, महिलाको अवस्था, राजनैतिक अवस्था जस्ता शीर्षकमा व्याख्या एवं विश्लेषण गरिएको छ ।

## ५.१ परिचय

शनिश्चरे गा.वि.स.मा बसोबास गर्ने जातजातिहरूमा बाहुन, क्षेत्री, तामाङ्ग, राई, लिम्बू, मगर, धिमाल, राजवंशी, मेचे, सुनवार, कामी, दमाई, गिरी आदि पर्दछन् । यी जातिहरू आ-आफ्नो भाषा,धर्म, संस्कृति लिएर बसेका छन् । यस अध्ययन क्षेत्र (शनिश्चरे गा.वि.स.) को वडा नं. ८ को लक्ष्मीपुर गाउँमा विशेषत मेचे जातिका मानिसहरू बसोबास गर्दछन् । यस अध्ययनको विषयवस्तु मेचे जातिसँग सम्बन्धित भएकोले यस अध्यायमा मेचे जातिका सामाजिक, सांस्कृतिक एवं आर्थिक पक्षलाई केलाउने जमर्को गरिएको छ । त्यसैगरी संस्कृतिले मानिसको जीवनको जन्मदेखि मृत्यु पछिसम्मका सम्पूर्ण क्रियाकलापको प्रतिनिधित्व गर्ने हुनाले प्रत्येक समाजका प्रत्येक सदस्यले मान्ने रितीरिवाज, चाडपर्व, मूल्य मान्यता, परम्परा, धर्म, विश्वास, भाषा, भेषभूषा जस्ता विभिन्न संस्कारसँग सम्बन्धित कुराहरूलाई समेट्ने जमर्को गरिएको छ ।

## ५.२ मेचे जातिको उत्पत्ति

नेपाल विभिन्न आदिवासी जनजातिको रहनसहनले भरि भराउ छ । नेपाल सरकारको परिभाषा भित्र परेका आदिबासी जनजाति मध्येको एउटा महत्वपूर्ण

जनजाति हो मेचे । "मेचे जाति नेपालको पूर्वाञ्चलको झापा जिल्लामा आफ्नो बसोबासको केन्द्र बनाएको यो जातका मानिसहरू फाट्फुट रूपमा मोरङ्ग र सुनसरीमा पनि भेटिन्छन् । भारतको पश्चिम वंगला र आसाममा शैवो र बोडोको नामले फैलिएर रहेका भए तापनि नेपालमा मेचेको संख्या ज्यादै न्यून देखिन्छ । यो जाति झापा जिल्लाको २० गा.वि.स. र ३ वटा नगरपालिकामा छरिएर बसोबास गरेको साथै सुनसरी र मोरङ्गमा पनि केही छन्" (माछाहारी, २०६०) । मेचेहरू मंगोल नश्लका जाति हुन् । यस सम्बन्धमा अनुश्रुतिमा आधारित मंगोल जातिको वंशावलीमा धिमाल जातिको स्थान औंल्याउँदै संस्कृतिविद् तुलसी दिवस (२०३९) ले "धिमाल लोक धर्म र संस्कृति" पुस्तकमा एउटा तालिका प्रस्तुत गरेका छन् । त्यसैका आधारमा भुवनलाल मछाहारीले आफ्नो पुस्तक "मेचे जातिको चिनारी" मा मेचेको स्थान देखाउन खोजेका छन् । यस्मा "स्वयम्भू र सतरुपा" आदिपूर्खा मानिएको छ भने मंगोल हुँदै मनाइङ्वा, थोबोइङ्वा र योवोइङ्वा मध्ये मुनाइङ्गवाबाट किरात हाङ्वाका दशवटा हाँगा उल्लेख गरी त्यसमध्ये थाङ्दावा अन्तर्गत कोचे, मेचे, धिमाल, थारु, दनुवार उल्लेख गरेका छन् । त्यसैगरी धिमालको पूर्वज 'धिकोप्पा', थारु-दनुवारको पूर्वज 'थिरुकपा' लाई देखाए तापनि मेचे, कोचेहरूको पूर्वजमा प्रश्नचिन्ह लगाइएको छ । थाङ्दावा र मेचे कोचेको बीचको निकटवर्ती पूर्खा स्पष्ट देखिन्न तापनि यस तालिकाले मेचेहरूलाई मंगोल जातिको थाङ्दावाका वंशज हुन भन्ने संकेत गरेको छ ।

मेचे जातिलाई वंशजका आधारमा स्थान तलको तालिकामा स्पष्ट रूपमा देख्न सकिन्छ ।

## अनुश्रुतिमा आधारित मंगोल जातिको वंशावलीमा मेचे जातिको स्थान

स्वयम्भू:मनु+ सतरूपा

↓

मंगोल

↓

- **मुनाइङवा** — किराँतहाङवा भारतीय उपमहादिपको उत्तरी र उत्तरपूर्वी हिमाल (विशेष नेपाल र आसाम)मा बसोबास गर्ने आदिम लामो कपाल भएका किराँत जातिको पूर्वज जो हेमन्त भूमिदेखि सीमान्तभूभी (भारतीय उपमहाद्धिपको उत्तर र उत्तरपूर्व हिमालयमा) बसाँई सरे ।
- **थोवोइङ्वा** — तिब्बत, चीन, मंगोलियामा बसोबास गर्ने तिब्बती, मंगोल र चीन मंगोलका पूर्वज ।
- **योवोइङ्गा** — जापान, श्यामवर्मा, कोचिन, आदिमा बसोबास गर्ने सूदुर पूर्वी मंगोल जातिको पूर्वज ।

मुनाइङवा ↓

- योकतुम्बा (लिम्बुका पुर्वज)
- अपलिवा आठपरियाका पूर्वज )
- याकखोवा ( याखाका पूर्वज )
- सुहाचेम्पा (सुनुवार अहायूका पूर्वज)
- गुरुकपा (गुरुङ्को पूर्वज)
- मंगोकपा (मगरका पूर्वज)
- थोकतप्पो (थाकल, थोकल, पुनेल, थिरेलका पूर्वज)
- थाङ्दवा (कोचे, मेचे, धिमाल, थारु, दनुवारका पूर्वज) →
  - धिकोम्पा (धिमालको पूर्वज)
  - ? (कोचे मेचेको पूर्वज)
  - थिरुकपा (थारु, दनुवारको पूर्वज)

श्रोतः भुवनलाल मछाहारी, २०६०

यसरी यी तालिकाबाट मेचे, कोचेहरूको पूर्वजमा प्रश्न चिन्ह लगाए तापनि मेचेहरूलाई मंगोल जातिको थाङ्दावाका वंशज हुन् भन्ने संकेत गरेको छ ।

बेलायती विद्वान् डा. हड्सन्ले सन् १८४५ मा नेपालमा बसोबास गर्ने जातजातिको अध्ययन-अनुसन्धान गर्ने क्रममा मेचे जातिको पनि उल्लेख गरेको पाइन्छ । यसैका आधारमा भन्ने हो भने पनि मेचेहरू परापूर्वकालदेखि नै नेपालमा बसोबास गर्दै आएको देखिन्छ । यो जातिको सभ्यता बोटे जातिको सामिप्यको देखिन्छ । मेचेहरू केही वर्ष अघिसम्म फिरन्ता थिए तर जंगल र पर्ति जग्गा घट्दै गएपछि स्थायी बसोबास गर्न थालेका हुन् भन्ने इतिहासकारहरूको भनाइ छ । प्रकृतिपूजक यिनीहरू वनदेवताको पूजा गर्दछन् भने आफ्नो आँगनमा रोपेको सिउँडीलाई ईश्वरको रूप मान्दछन् । यिनीहरूको भाषा भोट बर्मेली परिवारसँग मिल्दो छ । यिनीहरूलाई 'बोडो' पनि भनिन्छ । के.त.वि.अनुसार वि.सं. २००८ को जनगणना अनुसार मेचेहरूको कुल जनसंख्या २५००० भए पनि त्यसपछि यस क्षेत्रमा हैजा, विफर, औलो, कालाजारजस्ता महामारीको कारणले संख्या घट्न गएको भनिन्छ । जस अनुसार वि.सं. २०५८ को जनगणना अनुसार नेपालमा मेचेको संख्या ३७६३ मात्र रहेको छ । भारतको त्रिपुरा, उत्तर बंगाल, ब्रह्मपुत्रको उत्तरी भागमा फिजिएर रहेको यो जनजातिलाई विभिन्न नामले चिनिन्छ । कतिपय विद्वान्ले मेचे र कोचेलाई दाजुभाई मानेका छन् भनेर स्वंयम मेचेहरु भन्दछन् । उनीहरूको भनाइ अनुसार मेचे जेठो र कोचे कान्छो हो । आसमी भाषामा जेठोलाई 'बोडो' भनिन्छ । इतिहासमा उल्लेख भए अनुसार भारतमा बोडोको राजधानी डिमापुर र सन् १७०६ मा बाइबगमा कछाडीले आक्रमण गर्दा बोडोसँग लडाइँ परेको थियो । उल्लिखित घटनाहरूलाई हेर्दा त्रिपुरा, नागालैण्ड, असामी

तथा बंगलादेशमा प्राचीन कालदेखि नै मेचेहरूको शासन थियो भन्ने अनुमान गर्न सकिन्छ ।

मेचेहरू झापामा कहाँबाट, कसरी र कहिले आइपुगे भन्ने कुरा यकिन साथ भन्न नसकिए तापनि जनश्रुति अनुसार मेचेहरूले चीनबाट बसाई सर्दै असम पुगेर धेरै संघर्षको दिन बिताएका थिए । पछि विभिन्न कारणवश मेचेहरू पश्चिमतर्फ बिस्तार हुँदै भूटान पुगे । भूटानबाट बंगाल हुँदै नेपालतिर पसेको भन्ने बुझिन्छ । "मेचीदेखि महाकाली" पुस्तक अनुसार मेचेहरू आफ्नो पैत्रिक थलो भुटानको डुआर इलाकातिर देखाउँछन् । सन् १८३९ मै विद्वान् ए.क्याम्वेलले भनेका थिए "असमको ब्रह्मपुत्र नदीदेखि नेपालको कन्काई नदीसम्म मेचे जातिको बसोबास फैलिएको थियो (पराजुली, २०५३ : ५१)" । पूर्व नेपालमा लिम्बूहरू आउनुभन्दा पहिले यो किरातभूमि आठ सामन्त प्रमुखहरूमा बाँडिएको थियो । तिनीहरूलाई होन्देनहाङ्ग योकेतेदहाङ्ग, चेस्वौहाङ्ग, लाटासोवाङवोहाङ्ग, खेसिवाहाङ्ग, इकाङ्सोहाङ्ग, खादी हाङ्ग र ईमेहाङ्ग भनिन्थ्यो । तिनीहरूमध्ये खादीहाङ्ग बोडो किराँत समुदायको नेता थियो । यो इलाम जिल्लाको मेची पहाडदेखि झापा तराईभूमि, सिलिगुडी, मैनागुडी र पश्चिम बङ्गालको महाकाल गडीसम्म फैलिएको थियो । ती पूर्खाका सन्तान हालसम्म यथावत नै भेटिन्छन् (बसुमतारी, २०५५ : ५) । उनको भनाइ अनुसार सम्भवतः तिनीहरू नै मेचे हुन् ।

यसैगरी झापा जिल्लामा रहेको मेचेहरूका अनुसार मेचेहरू सवभन्दा पहिले तिब्बतबाट आएको र आउँदा २ वटा बाटोबाट आए । एकथरी भारतको असमतर्फ सोझै पुगे । उनीहरूलाई 'बोरो' वा 'बोडो' भनियो । अर्कोथरी नेपालको उत्तरी हिमाली बाटोगरी यहाँ आइपुगे । उनीहरू आफूलाई मेचे भन्न रुचाए । हामीहरूले एकआपसमा आफूलाई 'बोडो' भन्न पनि अझै छोडेका छैनौं– एकमेचेले भने । मोरङको लेटाङ्गदेखि पूर्वतर्फको भागलाई मेचे क्षेत्र मानिन्छ । त्यहाँ 'मेचे डाँगी'

भन्ने स्थान पनि छ (मधुमल्लाको ८ नं. वडामा) । तर यो ठाउँमा हाल मेचेको वस्ती छैन । तैपनि गोइडागी लोखाभ्कारी भन्ने ठाउँ नै मेचेको आदिथलो हुनसक्छ भन्ने मेचे समाज शिवियारी आफातका पूर्व अध्यक्ष पागलसिंह मेचे (६५, मेची नगरपालिका) को भनाइ छ ।

किम्वदन्तीका आधारमा मेचेहरू आफूलाई तिब्बतबाट नेपालको पहाड हुँदै तराई झरेको भन्ने विश्वास गर्दछन् । अत् मेचेहरू मूलत तिब्बततिरबाट यता झरेको भन्ने बुझिन्छ । तर कुन बाटोबाट झापामा पुगेभन्ने कुरामा फरक मत देखिन्छ । कोही मेची नदी पारीबाट झापा प्रवेश गरेका भन्दछन् भने कोही तिब्बतबाट सोझै नेपालको पहाडको बाटो हुँदै तराई झरेको विश्वास गर्दछन् । पागल सिंह मेचेको भनाइ झैँ एकसमूह सोझै नेपालको पहाडबाटो हुँदै तराई भित्रिएका र अर्को समूह असमतर्फ लागेका पनि हुन सक्छन् वा पछि पूर्वबाट पश्चिम र पश्चिमबाट पूर्वतर्फ बसाईं सरेका पनि हुन सक्छन् । यो अझै खोजकै विषय छ ।

### ५.२.१ मेचे जातिको थर, उपथर

प्रत्येक मानिस कुनै न कुनै जात अन्तर्गत हुन्छ र थरले त्यस जातिको परिचय दिन्छ । मेचे जातिका मानिसहरूमा पनि अन्य जातजातिमा जस्तै थुप्रै थर तथा उपथरहरू छन् । शिवियारी आफतका पूर्व अध्यक्ष मेची नगरपालिकाका पागल सिंह मेचे (६५) का अनुसार मेचेका थर-उपथरहरू निम्न १३ वटा छन् । ती थर तथा उपथरहरूले मेचेहरूको सामाजिक काम कर्तव्यलाई पनि औंल्याएको बुझिन्छ । मेचेहरू थरलाई 'जलै' भन्दछन्–

| | |
|---|---|
| गोयारी : | रात दिन सुपारीको काम गर्ने । |
| नार्जियारी : | समाजमा शुद्ध गराउने । |
| बसमोतारी : | समाजमा झगडा मिलाउने । |
| मच्छाहारी : | चितुवा, बाघ, माछाको शिकार गर्ने । |
| हाजियारी : | पहाडबासी, तराई मन नपर्ने । |
| हङफ्रङ्यारी : | गाउँघरमा झैं झगडा गर्ने, थिचोमिचो गर्ने । |
| रौङ्दीयारी : | भात पकाउँदा माड झिकेर हरेक तरकारीमा माड मिसाउने । |
| औवायारी : | बाँसको झ्याङ नजिक बस्ने । |
| दैमारी : | ढोक्सा, फुलुङ्ग बनाउने तथा माछा मार्ने । |
| खुन्थाईयारी : | पूजा आजा गर्दा विधि प्रयोग गर्ने र खाने । |
| खार्जियारी : | बाठौंको तल्लो भाग दर्शाउने मेचेको मूल थर । |
| सन्यासी धारी : | जोगी, मागेर काम चलाउने |
| वोर्गेयारी (चेप्नावरी) : | धामी, गाउँबुढा |

स्रोतः पागल सिंह मेचे ।

### ५.२.२ मेचे जातिको अन्य जातिसँगको सम्बन्ध

धेरै जातजातिको समिश्रणबाट समाज निर्माण भएको हुन्छ । यहाँ बसोबास गर्ने मेचेहरूको अन्य जातिसँगको सम्बन्ध राम्रो रहेको पाइन्छ । यहाँ बसोबास गर्ने ब्राह्मण, क्षेत्री, राजवंशी, धिमाल, तामाङ्ग, कामी, दमाई, श्रेष्ठ आदिसँग यिनीहरूको राम्रो सम्बन्ध छ । खेती कार्य गर्दा पर्म (काम साटासाट) गर्ने काममा राजवंशी एवं धिमालसंग राम्रो सम्बन्ध रहेको छ । कुटो, कोदालो, हँसियामा धार लगाउने एवं नयाँ औजार बनाउन कामीसँग र लुगा सिउने काममा दमाईले सहयोग गरिदिने

हुनाले कामी-दमाईसँग पनि राम्रो सम्बन्ध रहेको पाइन्छ । यस ठाउँमा बसोबास गर्ने सवै जातजातिमा आजसम्म पनि कुनै साम्प्रदायिक दङ्गा तथा तनाव भएको पाइँदैन ।

### ५.३ अध्ययन क्षेत्रका मेचेहरुको जनसंख्या

कुनै पनि समाज क्षेत्र वा देशको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक एवं शैक्षिक स्थितिको परिवर्तनमा जनसंख्याको प्रमुख भूमिका रहेको हुन्छ । जनसंख्याको स्थितिको अध्ययन अत्यन्त जरुरी कुरा हो किनभने यसले समाजको आकार-प्रकार, सामाजिक परिवर्तन र सामाजिक सम्बन्ध आदिमा प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पार्दछ । मेचे जातिको जनसंख्याको आकारलाई पनि जन्म, मृत्यु र बसाई सराईले प्रत्यक्ष प्रभाव पारेको छ । झापा जिल्लाको शनिश्चरे गाविसको लक्ष्मीपुर गाउँमा अर्थात  अध्ययन क्षेत्रमा जम्मा मेचे घरधूरी संख्या ५० रहेका छन् र ती मध्ये २५ घरधूरी नमूना छनौटको रूपमा लिइएको छ जुन जनसंख्यालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ५: छनौट गरिएका मेचे परिवारको लिङ्गको आधारमा जनसंख्या**

| **लिङ्ग** | **जनसंख्या** | **प्रतिशत** |
|---|---|---|
| पुरुष | ५० | ५३.१९ |
| महिला | ४४ | ४६.८१ |
| **जम्मा** | **९४** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७ ।

यस अध्ययन क्षेत्रका छनौटमा परेका २५ मेचे घर परिवारको कूल जनसंख्या ९४ रहेको छ जस्मा ५० अर्थात् ५३.१९ प्रतिशत पुरुष संख्या रहेको छ भने ४४ अर्थात् ४६.८१ प्रतिशत महिलाको संख्या रहेको देखिन्छ । पुरुषको भन्दा महिलाको जनसंख्या ६.३८ प्रतिशतले कमी देखिन्छ ।

## ५.४ पारिवारिक संरचना

पारिवारिक संरचनाले त्यस जातिको रहनसहन, रितीरिवाज एवं धर्मकर्ममा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । अध्ययन क्षेत्रमा बढी मात्रामा एकल प्रकारको परिवार पाइन्छन् । यिनीहरूमा विवाह हुनुभन्दा पहिले बाबुआमा, दिदी बहिनी, दाजुभाईसँगै एउटै परिवारमा बस्ने र विवाह पछि छोरालाई छुट्याएर राख्ने चलन छ भने छोरीलाई पराईघर पठाउने चलन रहेको छ । परिवारका हरेक सदस्यहरू बीचमा राम्रो र उचित सम्बन्ध रहेको पाइन्छ । पहिले पहिले ४ पुस्तासम्म एकै चुल्होमा खाना खाने मेचे परिवारमा आधुनिकीकरणको प्रभाव र सामाजिक संगतीका कारण आजकल एकल परिवारको संरचना बढेको अध्ययनका क्रममा भेटिएका मेचे बुढापाकाहरू बताउँछन् । साथै अन्तरजातिय विवाह पनि एउटा मूल कारण हो । एकल परिवार बन्नका लागि भनेर उनीहरु भन्दछन् । परिवारमा सबै सदस्यहरू समान देखिए तापनि पिता वा पतिको अधिकार अरुको भन्दा केही बढी भएको पाइन्छ । यस जातिको परिवारमा आमा-बाबुको कर्तव्य र अधिकार समान भए पनि पितृ सत्तात्मक परिवारको परिपाटी भएकोले महिलाभन्दा पुरुषको प्रधानता रहेको छ । परिवारको नजिकको नाता पर्ने जस्तै काका, भतिजा, दाइभाई आदिको घर नजिक नजिक प्रायः एउटै आँगन जोडेर बनाइएको पाइन्छ । लोग्ने मानिसको काम बाहिर रेखदेख, आर्थिक कारोबार, खेतिपातीको काम, बजार भर्ने, घर गृहस्थीको लागि आवश्यक सामान जुटाउने हुन्छ भने स्वास्नी मानिसको काम बालबच्चाको स्याहार, हेरचाह, सर सफाई, घरभित्रको रेखदेख, पाहुनापाछाको सम्मान र सत्कार, रक्सी पार्ने र बेच्ने आदि हुन्छन् ।

**तालिका ६: छनौट गरिएका मेचे परिवारको पारिवारिक संरचनाको विववरण**

| परिवारको प्रकार | घर संख्या | प्रतिशत |
|---|---|---|
| एकल परिवार | २० | ८० |
| संयुक्त परिवार | ५ | २० |
| **जम्मा** | **२५** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७ ।

तालिका ६ अनुसार २५ घर परिवार मध्ये २० घर अर्थात् ८० प्रतिशत एकल परिवार रहेको देखिन्छ भने ५ घर अर्थात् २० प्रतिशत संयुक्तपरिवार भएको देखिन्छ । एकल परिवारमा आमा, बाबु र उनीहरूको अविवाहित छोरा छोरी बसोबास गरेको पाइन्छ भने संयुक्त परिवारमा आमा, बाबु, हजुरबा, हजुरआमा, विवाहित छोरा, नाती नातिनी, अविवाहित छोरा-छोरी आदि रहेको पाइन्छ । यस जातिमा एकल परिवारको बाहूल्यता भएको पाइन्छ ।

### ५.४.१ सदस्य संख्याको आधारमा पारिवारिक संरचना

अध्ययन क्षेत्रमा मेचे समूदायमा एकल परिवारको बाहुल्यता रहे तापनि संयुक्त परिवार पनि पाइन्छ । अध्ययन गरेका प्रतयेक परिवारमा कति परिवार सदस्य संख्या रहेका छन् भनी तालिका ७ मा प्रष्ट देखाइएको छ ।

**तालिका ७: परिवार सदस्य संख्याको आधारमा परिवारको विवरण**

| सदस्य संख्या | घर संख्या | प्रतिशत |
|---|---|---|
| ४ जनासम्म | २० | ८० |
| ५ देखि ८ जना | ४ | १६ |
| ९ भन्दा माथि | १ | ४ |
| **जम्मा** | **२५** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७ ।

माथिको तालिका ७ अनुसार छनौट गरिएका २५ घर परिवारमध्ये १ देखि ४ जना सदस्य संख्या भएको परिवार २० अर्थात् ८० प्रतिशत पाइन्छ । त्यसैगरी ५-८ जनासम्म सदस्य भएको परिवार ४ अर्थात् १६ प्रतिशत र ९ जना भन्दा बढी परिवार संख्या भएको घर संख्या १ अर्थात् ४ प्रतिशत पाइन्छ । अध्ययनको क्रममा गरिएको यस सर्वेक्षणमा सवैभन्दा कम परिवारका सदस्य भएको परिवारमा २ जना

र सवैभन्दा बढी परिवारका सदस्य भएको परिवारमा १० जनासम्म भएको पाइन्छ ।

## ५.५ स्वभाव र प्रकृति

हरेक जातिको आ-आफ्नै स्वभाव र प्रकृति हुन्छ । मेचेहरुलाई उनीहरुको स्वभावको आधारमा अत्यन्त सोझा, परिश्रमी र इमान्दार भनेर परापूर्व कालबाट चिनिन्छ । सिधा र दयालु, अरुको सहयोग गर्ने प्रकृति, सामूहिक क्रियाकलापमा सहभागी हुने यिनीहरूमा आफ्नो व्यवहारबाटको अरुको चित्त नदुखोस् भन्ने धारणा प्राय मेचेहरुमा रहेको अध्ययनको क्रममा देखियो । यिनीहरू समाजमा रहेका अन्य जातिसँग घूलमिल भएर मिलेर बसेको देखिन्छ । पाहुनालाई आदरभाव र सम्मानपूर्ण व्यवहार गर्नु आफ्नो परम्परा हो भन्दछन् । अत्यन्त मिलनसार, इमान्दारी र अनुशासित व्यवहारलाई आफ्नो सांस्कृतिक पहिचान ठान्दछन् मेचे जातिहरू ।

## ५.६ शारीरिक बनावट

हरेक जातिका मानिसको शारीरिक वनावट भिन्नै प्रकारको हुन्छ । यस अध्ययन क्षेत्रका मेचेहरूमा सामान्य कदका (लगभग ५-६ फुट) सम्मका उचाईका छन् भने महिलाहरू ४-५ फुट सम्मका छन् । यिनीहरूको शरीर मध्यम कदको र बलिष्ठ हुन्छ । आँखा तिखा र नाक थेप्चो हुन्छन् । पातलो दाह्री जुँगा, कपालको रौं बाक्लो, मोटो ओठ एवं बाटुलो अनुहार हुन्छ भने वर्ण प्रायः कालो हुन्छ ।

## ५.७ घरको बनावट

घरको बनावट र सजिसजाउले पनि जातिय पहिचान गर्न सकिन्छ । यस क्षेत्रमा बसोबास गर्ने मेचेहरू आफ्नो समुदायका मानिसहरू बसोबास गरेको ठाउँमा एकत्रित भएर बसेका छन् । यहाँका अधिकांश घरहरू टिन वा जस्ताले छाइएका छन् । फुसका घर एकदमै थोरै मात्रामा देख्न सकिन्छ भने आजकल केही

मेचेहरूले पक्की (सिमेन्ट, रोडा, ईटाबाट) घर बनाएको पनि पाइन्छ । यिनीहरूको परम्परागत घरहरूमा झ्याल-ढोकामा बुट्टा कुँदेको पाइन्छ भने आजकल यस्ता झ्याल ढोकाहरू हराउँदै गएको पाइन्छ । मेचेको घर छुट्याउने एउटा महत्वपूर्ण कारक तत्व हो बाठौ, जुन घरको आँगनमा बनाइएको हुन्छ । बाठौ उनीहरूको पूजा घर हो । पहिला पहिला जमिन धेरै भएको बेला धान राख्न छुट्टै भण्डारको व्यवस्था गरिएको हुन्थ्यो जसलाई उनीहरू बाखी भन्दछन्, तर आजकल खेतीयोग्य जमीन मासिन थालेको एवं बाहिरी वातावरणको प्रभावले बाखीको निर्माण एकाध घरमा मात्र देखिन्छ ।

**तालिका ८: मेचेहरूको घरको छानाको विवरण**

| छानाको किसिम | घर संख्या | प्रतिशत |
|---|---|---|
| फूस | ५ | २० |
| टिन/जस्ता | १७ | ६८ |
| ढलान | ३ | १२ |
| **जम्मा** | **२५** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७ ।

तालिका ८ बाट के स्पष्ट हुन्छ भने यस क्षेत्रमा छनौटमा परेका २५ घरमध्ये फूसको छाना भएको घरसंख्या ५ अर्थात् २० प्रतिशत छन् । टिन वा जस्ताले छाएको घरहरू १७ अर्थात् ६८ प्रतिशत छन्  एवं ढलानल गरेका घरहरू ३ अर्थात् १२ प्रतिशत हुन आउँछन् ।

### ५.८ भाषा

जातिय पहिचान गराउने मुख्य माध्यम भाषा हो । मेचेहरूको आफ्नो भाषा छ । यस क्षेत्रका मेचेहरूले बोल्ने भाषा मेचे भाषा नै हो । अघिल्ला पुस्ताका उमेर ढल्किएका केही बुढा बुढीहरू मेचे भाषाको मात्र प्रयोग गर्दछन् । आफ्नो समुदाय

बाहिरका अन्य व्यक्तिहरूसँग बोल्दा उनीहरूले नेपाली भाषा नै बोल्ने गरेको पाइयो भने अहिलेको नयाँ पुस्ताले आफ्नो भाषालाई छोडेर नेपाली भाषालाई रुचाइएको पनि पाइयो ।

## ५.९ पेशा

मेचे जातिहरू नदि तथा खोलाको आसपासमा बस्ने हुनाले उनीहरू पहिले माछा मार्ने, घुमन्ते जीवन विताउने गर्थे भनिए तापनि आजकल यस्तो पाइन्न । उनीहरूको खास यही पेशा भन्ने छैन । उनीहरू समाजमा शिक्षामा अलि पछाडि परेका हुँदा सामान्य खेति किसान नै गर्ने गर्दछन् । यदाकदा कसैले अफिसमा एवं पसलमा काम पनि गरिरहेका छन् । खेतीपाती वा गोडमेलको काम गर्दा पर्म (श्रम सातासाट) गर्ने चलन यस जातिमा पनि भएको देखिन्छ ।

**तालिका ९: प्रमुख पेशा वा व्यवसायको आधारमा छनौट गरिएका घरपरिवारको विवरण**

| मुख्य पेशा | घर संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | १२ | ४८ |
| व्यापार | ५ | २० |
| नोकरी | ३ | १२ |
| उद्योग | १ | ४ |
| मजदूरी | ४ | १६ |
| **जम्मा** | **२५** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७ ।

तालिका ९ ले देखाए अनुसार जम्मा घरधूरी मध्ये १२ अर्थात् ४८ प्रतिशत घरपरिवार कृषि पेशामा लागेको पाइन्छ । त्यसैगरी ५ घर संख्या अर्थात् २० प्रतिशत घरपरिवारले व्यापार गरेका छन् भने ३ घरपरिवारले नोकरी गरेका छन् ।

१ जना घरपरिवारको कपडा बुन्ने उद्योग देखियो भने बाँकी ४ अर्थात् १६ प्रतिशत घरपरिवारले ज्यालादारी मजदुरी काम गरेको पाइन्छ ।

**५.१० धर्म**

हरेक मानिस वा जातिहरू कुनै न कुनै धर्मप्रति आस्थावान हुन्छन् । अध्ययन क्षेत्रका मेचेहरू शिवका भक्त रहेर शिवलाई मान्ने गरेको पाइयो । मेचेहरू शिव भगवान्लाई नै आफ्नो सर्वस्व ठान्दछन् । शिव भगवान हिन्दू धर्म अन्तर्गत पर्ने हुँदा यिनीहरू पनि हिन्दू धर्ममा नै आस्था राख्दछन् । तर मेचेहरु प्रकृतिको पनि पूजा गर्दछन् । हाल एउटै भाषा, एउटै संस्कृति, एउटै चालचलन र एउटै भेषभूषा भए पनि मेचेहरू बाठौ पूजा गर्दा नयाँ पद्धति र पुरानो पद्धतिले पूजा गर्ने गर्दछन् । उनीहरू पुरानो पद्धतिबाट गरिने पूजालाई पुरानो धर्म र नयाँ पद्धतिबाट गरिने पूजालाई नयाँ धर्म भन्ने गर्दछन् । नयाँ पद्धतिको पूजामा फलफूल चढाइन्छ भने पुरानो पद्धतिको पूजामा कुखुरा, बोका, सुँगुर, हाँस र परेवा बली दिनु पर्ने हुन्छ । पूरानो प्रकृतिको पूजामा बढि खर्च भएर नै नयाँ पद्दति अपनाएको देखिन्छ । मेचेहरू शिवलाई बाठौ भन्दछन् । घर अगाडि बाठौ बनाएर सिउँडीको बोट रोप्नु अनिवार्य मानिन्छ । यसमा डमरु, त्रिशूल र रुदाक्ष चढाइएको हुन्छ । उनीहरू नोमानो (मुख्यघर) भित्र बाली खुङ्गी (पार्वती) स्थापना गर्दछन् । बाठौमा दैनिक रूपमा पूजा गर्ने गरिए पनि वर्षमा एकपल्ट भव्य पूजा हुन्छ । यस पूजामा बालीखुङ्गी (पार्वती) लाई नोमानो भित्र भित्र्याउने कार्य गरिन्छ । तर आधुनिकीकरणसँगै उनीहरूमा परिवर्तन आएको देखिन्छ , किनकी अध्ययन क्षेत्रमा पनि केही घर क्रिश्चियन र केही मानिस सनातन धर्म मान्ने मेचेहरू पनि देखिए/भेटिए ।

## ५.११ भेषभूषा

भेषभूषाले प्रत्येक जातको परिचय दिन्छ त्यसैगरी मेचेहरूको पनि छुट्टै प्रकारको भेषभूषा छ । अध्ययन क्षेत्रमा गर्मी महिनामा अत्यधिक गर्मी हुने हुँदा यहाँका मानिसहरूले हलुका पोशाक लगाएको पाइन्छ । मेचेहरूको लुगाफाटा पनि पातला हुनुका साथै शरीरका धेरैजसो भाग खुल्ला रहेको देखिन्छ । उनीहरूका परम्परागत लुगा प्रायः सुतीबाट बनेका हुन्छन. । मेचे जातिको उत्सव, चाडपर्वमा लगाउने, दैनिक घरमा लगाउने र काम गर्दा लगाउने लुगामा धेरै फरक पाइन्न । तर पुरुष तथा महिलाका लुगामा भने विविधता छ । मेचेहरू टोपी लगाउँदैनन् । प्रौढ मेचेहरू परम्परागत पोशाक कमिज, बुछला, गम्चा, लङ्गौटी नै लगाउँछन् भने युवाहरूले आजभोली पाइन्ट र टिसर्ट लगाएको पाइन्छ । मेचेहरू प्लाष्टिकका जुत्ता, चप्पल लगाउँन मन पराउँछन् भने नयाँ पुस्ताले आजकल छालाको जुत्ता लगाएको देखिन्छ । त्यस्तै मेचे महिलाको दैनिक रूपमा लगाउने लुगाफाटा आफ्नै प्रकारको हुन्छ । उनीहरूको मुख्य पोशाक डोखना र सल हो । तर आजकल पूजाआजा, चाडपर्व र नाँचगानमा मात्र यो लुगा प्रयोग गरी दैनिक रूपमा ब्लाउज र  धोती लगाएको पाइन्छ ।

## ५.१२ खानपान

मानिस बसेको स्थान, त्यहाँको वातावरण, प्राकृतिक बनावट, संस्कारप्रतिको आस्था आदि अनुसार खानपानमा पनि विविधता हुन्छन् । मेचेहरू स्थानीय रूपमा उपलव्ध हुने अन्न, सागपात, गेडागुडीको  प्रयोग भोजनका रूपमा गर्दछन् । आफ्नो जाति अनुसार खाने कुरा खाने र बनाउने तरिकामा भिन्नता पाइन्छ । मेचेहरूको प्रमुख भोजन भात र तरकारी हो । यिनीहरू चाडपर्व र उत्सवहरूमा चामलका विभिन्न परिकारहरू बनाई खाने गर्दछन् । धान बाहेक मकै, तोरी, तरुल, कर्कलो, आलु आदिको पनि प्रशस्त उपयोग गर्दछन् । उनीहरू भात (आङ्खाम), दाल (सोवाई) तथा तरकारी खाए पनि अचार (बाढुन) त्यति मन पराउँदैनन् ।

पहिले यिनीहरू फिरन्ते जीवन बिताउँथे र त्यसबेला जंगलमा पाइने विभिन्न जीवजन्तुको शिकार गर्दथे । पछि खेती गरी फलाइएको अन्न प्रयोग गर्न थाले । त्यसैले उनीहरूको लोक खाना भात र घोंगी हो । विवाह, मृत्यु, पूजाआजा आदिको समयमा उनीहरू चामलबाट बनाइएका विभिन्न परिकार, गहुँको पिठोको परिकार तथा जाँड रक्सी र सुँगुरको मासुको अत्यधिक प्रयोग गर्दछन् । मेचेहरूले भोजनमा तैलिय पदार्थ, खुर्सानी र नूनको प्रयोग बढी गर्दछन् । माछा, मासु र घोंगी अत्यधिक मन पराउने मेचेहरू राँगाको मासु पनि खान्छन् । यस अध्ययन क्षेत्रका मेचेहरूमा पनि परम्परागत खानपान नै बढी मात्रामा पाइयो ।

## ५.१३ चाडपर्वहरू

चाडपर्वले मानिसलाई एकअर्कामा बाँध्ने, नजिकाउने र दुःखपिडा विर्सेर रमाइलोमा भुलाउने काम गर्छ । आफ्नै विशेषता बोकेका चाडपर्वहरू हरेक जाति एवं प्रजातिका हुन्छन् । मेचे जातिले मान्ने चाडपर्वहरू पनि आफ्नै प्रकारका छन् । मेचे जातिले विभिन्न चाडपर्वहरू परम्परादेखि मान्दै आएका छन् । यस्ता चाडपर्वहरूमा उनीहरूले आफ्ना पोशाक लगाउने, मिठो मसिनो खाने र रमाइलो गर्दछन् । उनीहरूका चाडपर्वहरू यसप्रकार छन् :

### ५.१३.१ वैशागु बच्छर

यो चाड मेचेहरूको प्रमुख चाड हो । वैशागु बच्छर भनेको पुरानो वर्षलाई विदा र नयाँ वर्षको आगमनलाई स्वागत गर्दै मनाउने चाड हो । वैशागुमा मेचेहरूले मिठो खाने, टोल टोलमा नाँचगान गर्ने गर्दछन् । परापूर्वकालदेखि नै वैशागु मान्दै आएको पाइन्छ । वैशागु मान्नुको प्रमुख कारण नयाँ वर्षले सवैलाई राम्रो होस् भन्ने हो । यो पूजा नगरी धानबाली रोप्नु हुन्न, यो चाड मनाए मान्छे मर्न कम हुन्छ, अन्नबालीको सह हुन्छ भन्ने विश्वास छ । पहिले पहिले गाउँ मिलेर सुँगुर काटेर भोज गरी नाँचगान गर्दै मनाइने यो चाडमा आजकल कोही सुँगुरको

मासु, रक्सी खाएर तथा कोही माछा मारेर रमाइलो गर्दछन् । तर पहिले पहिले धूमधामले मनाउने वैशागु पर्व आजकल केही सेलाएको देखिन्छ ।

### ५.१३.२ सिरुवा

सिरुवा खासमा राजवंशीले मान्ने चाड भए पनि मेचेहरूले पनि मान्ने गर्दछन् । हिलो छ्यापेर नाँचगान गर्दै रमाइलो गरी सिरुवा मनाउने गरिन्छ । यो पर्व प्रत्येक नयाँ वर्ष अर्थात् वैशाख १ गते मनाउने चलन छ । सिरुवा मनाउँदा शरीरमा रोगव्याधि नलाग्ने, लुतो तथा घाउ खटिराहरू नआउने विश्वास रहेको छ । हेर्दा बैशागु बच्छर र सिरुवा दुवै चाडको उद्देश्य उस्तै देखिए पनि सिरुवा पर्व खास गरी राजवशीको चाड भए पनि मेचेहरु पनि मनाउँछन् ।

### ५.१३.३ दशैं

दशैंमा मेचेहरू पनि फूलपाती देखि दशमीसम्मको ४ दिन दूर्गा, काली आदि देवीहरूका साथै दशैंसँग सम्बन्धीत अन्य देवताको पनि पूजा गर्दछन् । पहिला पहिला यस चाडमा पशुबलीदिने गर्दथे तर आजकल फलफूलको प्रयोग बढी गरेको पाइन्छ किनकी परम्परागत पूजामा बढि खर्च लाग्ने हुदाँ मेचेहरुले अव कम खर्चमा आफ्नो संस्कार जोगाउन थालेका छन् । मेचेहरू यस चाडलाई जात्राका रूपमा पनि मान्ने गर्दछन् । मेचेका पूर्वजहरू यो चाड मनाउँदैनथे तर अहिले अरु जातको नक्कल गरेर यो चाड मनाएको देखिन्छ भनेर अध्ययनका क्रममा भेटिएका मेचे जातका बुढापाकाको भनाइ छ ।

### ५.१३.४ छोर्खेला र तिहार

मेचे जातिको अर्को चाड छोर्खेला वा छोरखेला हो । उनीहरू माता लक्ष्मी (लखबी) को पूजाआज गरी छोर्खेला मनाउँछन् र घरमा सुँगुर काटेर रमाइलो गर्दछन् । छोर्खेलामा गाउँका समूह मिलेर नाँचगान गर्ने, देउसी खेल्दै हिँड्ने, प्रत्येक घरबाट रोजालाई (धामी/पूजारी) एकघैटो जाँड र भेटी समेत दिनु पर्ने

चलन छ । नाँचगानमा च्याम्ब्रङ, जोट्टा, डाङरिङ्ग तथा छिपुङ्ग बाजाको साथमा ताली बजाई गीत गाउने गरिन्छ । यस्तो कार्यक्रम तिहारको औंसीको दिनदेखि एकादशीसम्म हुन्छ । छोर्खेला मेचे जातिको आफ्ना धामी पूजारी 'रोजा' लाई मान्ने दिन हो । अहिले मेचेहरू यो चाडमा रोजाको घरमा चिनी, फलफूल लिएर जान्छन् तर पहिले जाँड रक्सी र मासु लाने प्रचलन थियो । पहिला पहिला मेचेहरू छोर्खेला भव्य रूपले मनाउँथे तर अहिले त्यस्मा तिहार पनि थपिएको छ । यिनीहरू लक्ष्मीपूजा विशेष गरी मनाउँछन् भने भाइटीका पनि लगाउँछन् । सबैभन्दा पहिले माखाल (गाउँबुढा) को घरबाट देउसी शुरु गरी तिहार मनाउँछन् । हाल छोर्खेला र तिहार पर्यायबाची बनी सकेको मानिन्छ ।

### ५.१३.५ एकादशी

मेचेहरूले हरिबोधनी एकादशी पनि मनाउने गर्दछन् । हिन्दूधर्म मान्ने बाहुन क्षेत्रीहरूले तुलसीको पूजा गरेर एकादशी मनाउँछन् भने मेचेहरू छोर्खेलाको दिनदेखि नाचेर देउसी भैलो खेल्दै एकादशी सम्म भव्य रूपले मनाउने गर्दछन् । मेचेहरूको घर अगाडिको बाठौको ठीक बाँयातर्फ केही पर तुलसीको बोट रोप्ने गरिन्छ ।

### ५.१३.६ फगुवा

मेचे जातिको अर्को ठूलो चाड होली वा फगुवा हो । होलीमा विभिन्न रङ्गहरू एकआपसमा खेली घरघरमा सेलरोटी (यङ्गखोङ) पकाएर साथै नाँचगान समेत गर्दछन् । त्यस अवसरमा सुंगुर काटी मासु खाने पनि चलन छ । फगुवामा समाजको माखाल (गाउँबुढा) र फान्थोल (रोजाको सहायक) लाई सम्मान गरिन्छ । यसलाई मेचे भाषामा 'डोलमुखाफोर' भनिन्छ । ढोगभेट गर्न सबै मेचेहरू माखालको घरमा फलफूल, मिठाई, जाँड, रक्सी, चिनी आदि कोशेली बोकेर जान्छन् ।

## ५.१४ प्रमुख पूजाहरू

मेचे समूदायमा पनि अरु जात जातिका जस्तै आफ्नै पूजाआजा हुन्छन् । जुन निम्न प्रकारका छन् :

### ५.१४.१ कूलपूजा (बाठौपूजा)

मेचे जातिले गर्ने विभिन्न पूजाहरूमध्ये सवैभन्दा महत्वपूर्ण ठूलो पूजा बाठौ पूजा हो । यस पूजालाई घरपूजा वा कूलपूजा पनि भनिन्छ । यो पूजा मेचेहरू धूमधामले गर्ने गर्दछन् । यो पूजा गर्दा घर अगाडि आँगनमा रहेको पुरानो बाठौ भत्काएर नयाँ बनाउने गरिन्छ । बाठौमा सिउँडी, त्रिशूल, डमरु, रुद्राक्षको माला र भगवान शिवको फोटो राखिन्छ । यसैमा पूजा गर्नुलाई बाठौपूजा भनिन्छ । रोजाले बाठौको थानमा विभिन्न सामग्रीहरू चढाई मन्त्र पढ्छन् । मेचेको पूजामा केराको पात (थालीको पत्ता), पान, सुपारी (गोई) नभई हुँदैन । केराको पातमा पान, सुपारी, केरा तथा अन्य फलफूल चढाएर मन्त्र पढ्दै पानी छर्कदै बाठौ पूजा शुरु गरिन्छ । बाठौ पूजाको पुरानो विधि अनुसार विभिन्न प्रकारले भव्यताका साथ गरिन्थ्यो तर ठूला पूजामा धेरै खर्च हुने हुँदा विस्तारै यस्ता पूजाहरू लोप हुँदै गएका छन् । लोप हुँदै गएका बाठौ पूजाहरूमा बाउग्रापूजा, खिदाई पूजा, नाउन पूजा, आइमनासु, विन्दुसरी पूजा, सलामी पूजा आदि छन् ।

### ५.१४.२ आमति (भूमि) पूजा

मेचेहरू प्रकृति पूजक भएकाले जमीनको पूजा पनि गर्दै आएका छन् । खासगरी प्रत्येक वर्षको असार ८ गते उनीहरू भूमिको पूजा गर्दछन् । उनीहरू जमीनको उत्पत्ति आषार ८ गते भएको भन्ने मान्यता राख्दछन् र उक्त दिन आमति पूजा गर्दछन् । त्यस दिन घरमूलीले नुहाएर सफा चोखो भै फलफूल तथा धुप बत्ती चढाएर भूमिको पूजा गर्दछन् । त्यस अवसरमा तीन दिनसम्म जमीन खोस्रन, जोत्न हुन्न भन्ने पुरानो मान्यता उनीहरूमा रहेको छ । तीन दिनपछि

रोजाले बाठौमा धूप बत्ती बालेर चोख्याए पछि जमिन खन्न जोत्न हुन्छ भन्ने मान्यता बोकेको यो कूलपूजा पहिलेदेखि नै चलि आएको छ तर यस आमति पूजामा असार ८ गते अर्थात १ दिन मात्र जमिन जोत्न/खन्न बार्ने मेचेहरु पनि अध्ययन क्रममा भेटिए । यसबाट यो पूजाको स्वरुपमा बिस्तारै परिर्वतन हुदै गएको देखिन्छ साथै पूजामा लाग्ने खर्चमा पनि आजकल मितव्ययिता अपनाएर गर्न थालिएको पाइन्छ ।

### ५.१४.३ संसारी ग्रामपूजा

मेचेहरूले गर्ने विभिन्न पूजाहरू मध्ये संसारी ग्रामपूजा पनि महत्वपूर्ण छ । यो पूजा गाउँका सवै मानिसहरू मिलेर गर्ने गरिन्छ । मेचे जातिमा बाठौ पूजा गर्नु अघि संसारी पूजा गर्ने चलन छ । प्रत्येक वर्षको फागुन चैत महिनामा संसारी पूजा गरी वैशाख देखि आषाढसम्म बाठौ पूजा गरिन्छ । संसारी ग्राम पूजामा पनि विविधता पाइन्छ । बलि चढाउने समूहको संसारी ग्राम पूजा छुट्टै हुन्छ भने बलि नदिनेहरूको छुट्टै हुन्छ । यो पूजा गर्नका लागि सवैभन्दा पहिले एउटा सानो कुखुराको चल्ला काटेर वा केरा र फूल चढाएर ठाउँ चोख्याउने चलन छ । त्यसपछि भुइँमा लिपपोत गरी पिठोको रेखी हालेर १३- १४ वटा कोठा बनाइन्छ र त्यहाँ स-साना बाँसको लिङ्गो गाड्ने गरिन्छ । अनि केराको पातमाथि केरा तथा चामल र केरा मुछेर भाग लगाई धुपवत्ती बालेर पूजा गरिन्छ । विभिन्न रङ्गका हाँस, कुखुरा, परेवा तथा फलफूल चढाएर यो पूजा गरी उपस्थित सबै मानिसका घरमा प्रसाद स्वरूप मासु पठाइन्छ । काटमार नगर्नेहरूले भने फलफूल चढाएर पूजा गर्दछन् । यो पूजा परम्परादेखि नै मान्दै आएको पाइन्छ ।

### ५.१५ आर्थिक अवस्था

आर्थिक स्थितिले कुनै पनि क्षेत्रमा बसोबास गर्ने मानिसको सम्पत्ति आर्जनका लागि गरिने उत्पादन, वितरण र विनीमयका क्रियाकलापलाई बुझाउँछ ।

वा मानिसद्वारा आफ्नो जिवीकोपार्जनका लागि गरिने विभिन्न क्रियाकलापले आर्थिक अवस्थालाई झल्काउँछ । अध्ययन क्षेत्रका अधिकांश मेचेहरू मध्यम वर्गका रहेका छन् । यिनीहरूको मुख्य पेशा कृषि नै हो । अधिकांश मेचेहरूसँग आफ्नै घर जग्गा छ भने केही परिवार मात्र भूमिहिन छन् । मेचे परिवारसँग भएको भूमिको विवरणलाई तलको तालिकामा प्रष्ट पारिएको छ ।

**तालिका १०: मेचे परिवारको स्वामित्वमा रहेको भूमिको विवरण**

| भूमिको क्षेत्रफल | घर संख्या | प्रतिशत |
|---|---|---|
| भूमिहिन | २ | ८ |
| १- १० कट्ठा | ११ | ४४ |
| १० - २० कट्ठा | ८ | ३२ |
| १ विघा- ५ विघासम्म | ३ | १२ |
| ५ विघाभन्दा माथि | १ | ४ |
| **जम्मा** | **२५** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७ ।

तालिका १० अनुसार कुल २५ घर मध्ये २ घर परिवार अर्थात् ८ प्रतिशत भूमिहिन देखिन्छन् । १-१० कट्ठा जमीन हुने ११ घर अर्थात् ४४ प्रतिशत भएको देखिन्छ र ८ घरपरिवारसँग १०-२० कट्ठा जमीन छ । त्यसैगरी १ विघादेखि ५ विघासम्म भएको ३ घरधूरी अर्थात् १२ प्रतिशत छन् । ५ विघाभन्दा माथि १ घरको मात्र जमिनमा स्वामित्व रहेको छ । यहाँको जमीन खेतीपातीको लागि उर्वरा भएकोले हिउँदे र नगदे दुवै बाली लगाउन सकिन्छ ।

### ५.१६ महिलाको अवस्था

नेपालमा सन १९७० को दशकतिर "विकासमा महिला" भन्ने अवधारणा ल्याइयो । त्यो अवधारणा खासगरी परिवारभित्र रहेको पितृसत्तात्मक अवधारणाको विरोधको रूपमा देखा पर्‍यो । फ्रेडरिक एङ्गेल्सले "परिवार, निजी सम्पत्ती र राज्यको

उत्पत्ति सन् (१८८४) नामक पुस्तकमा परिवारको उत्पत्तिसँग पुरुष र महिला बीचको सम्बन्ध फराकिलो हुँदै गयो भन्ने कुरा उल्लेख गरेका छन् । त्यस्तै मेचे समाजमा पनि महिला सशक्तिकरण धेरै देखिन्छ । महिला मेचे उत्थान संघबाट महिला सशक्तिकरण कार्यक्रम आयोजना गरी चेतनामूलक सीपमूलक कार्यक्रम सुरु गरेर अघि बढेको देखिन्छ । मेचे समाजमा महिलाहरूले मेचे महिला उत्थान संघबाट मेचे जातिको पोशाक बुन्ने हाते तानको व्यवस्था गरेका छन् भने विभिन्न प्रकारको चेतना अभिवृद्धि सम्बन्धी तालिम दिने कार्यक्रम अगाडि बढाएका छन् । अध्ययन गरेको स्थानमा मेचे महिलाको अवस्था सामान्य रहेको पाइयो । स्त्री र पुरुषको पारस्परिक सहयोगबाट नै घर चल्दछ भन्ने धारणा यहाँका मेचेहरूमा पाइन्छ। उनीहरू स्त्रीहरूलाई आदर गर्दछन् । विकास सम्बन्धी कार्य, चेतनामूलक कार्य, विभिन्न पूजापाठहरू, संस्कारहरू, रितीरिवाज, चालचलन र भेषभूषा, भजन किर्तन, बाठौपूजा, जन्म, विवाह, मृत्यु संस्कार जस्ता थुप्रै सामूदायिक कार्यमा महिला र पुरुषको समान भूमिका पाइयो । अरु जातिमा भन्दा यिनीहरूमा सामाजिक भेदभाव केही कम पाइयो एवं सम्पत्तिको लागि बुहारीलाई हेंला गर्नेचलन मेचे जातिमा पाइएन । तर पनि सम्पत्ति माथिको अधिकारमा भने छोरालाई नै हस्तान्तरण गरेको देखियो । कसै कसैले भने छोरा-छोरी समान हुन् भनी सम्पत्ति बराबर बाँडेको पनि देखियो ।

### ५.१७ राजनैतिक स्थिति

कुनै पनि स्थानको अवस्थालाई राजनीतिक वातावरणले ठूलो प्रभाव पारेको हुन्छ । देशको राजनैतिक अवस्थाले त्यस ठाउँमा रहेका मानिसमा आर्थिक अवस्था र सामाजिक अवस्थामा परिवर्तन ल्याउँछ । राजनीतिक क्षेत्रमा मेचे महिलाहरू धेरै नै पछाडि छन् । हुन त पुरुष मेचेहरूको राजनीतिक अवस्था पनि त्यति गतिलो देखिन्न तर पनि विस्तारै विस्तारै राजनैतिक विकासमा परिवर्तन आएको देखिन्छ । यस क्षेत्रमा बसोबास गर्ने मेचे जातिले चुनावमा आफ्नो मताधिकारको राम्रो प्रयोग गरी अव राजनीतिक परिवर्तनमा बढ्दै गएको पाइयो ।

# अध्याय – ६

# मेचे जातिको सामाजिक संस्कारहरूको स्थिति

संस्कारले मानव जीवनको विकासको क्रममा विभिन्न अवस्थालाई दर्शाउँछ । मानव जीवनको अवस्थालाई जन्म, विवाह र मृत्युजस्ता विभिन्न भागमा विभाजन गरेको पाइन्छ । संस्कारसँग केही न केही सांकेतिक अर्थ जोडिएको हुन्छ जुन लोक जीवनको अध्ययनको मुख्य विषय पनि हो । हरेक जातिभित्र विशेष खालका संस्कार हुन्छन् जसले आ-आफ्नै किसिमका सांकेतिक विशेषता झल्काउँछन् । त्यसैगरी मेचे जातिका सामाजिक संस्कारहरूलाई यसरी हेर्न सकिन्छ ।

## ६.१. जन्म (जलम)

मेचे जातिमा आफ्नो परिवारमा कुनै पनि महिला गर्भवति भइन भन्ने खबर सुनेपछि परिवार नै खुशी हुने प्रचलन छ र कुनै पनि महिला गर्भवती भएको थाहा पाए पछि ती महिलाको खानपीन, उठबस  सबै कुरामा परिवारले विशेष ध्यान पुऱ्याउँदछन् किनकी उनीहरु नयाँ आउने बच्चा र आमा दुवैको स्वास्थ ठिक होस भन्ने चाहन्छन् । त्यसको साथै गर्ननसकिने र कठिन कामहरू गर्नबाट समेत बन्चित गरिन्छ । यस अतिरिक्त गर्भवती महिला प्रायः मंगलबार र शनिबार कहि कतै बाहिर जान अशुभ समेत मानिन्छ किनकी मगंलबार र शनिबार बाहिर गएमा गर्भको बच्चालाई खतरा हुन्छ भन्ने मान्यता छ । यसरी गर्भवती महिलाको बच्चा जन्मने समय भएपछि र प्रसूति व्यथाले समातेपछि त्यस समयमा सुत्केरी हुने महिलाको हेरचाह, स्याहार, सुसार र प्रसुति गराउँदा मद्दत गर्ने महिलालाई (मेचे भाषामा 'दायानी')  भनिन्छ र उनैलाई निम्त्याइन्छ र प्रसुति गराउने चलन छ । बच्चा जन्मदा राम्रोसँग जन्मियोस् र आमालाई धेरै दुःख नहोस् भनेर व्यथा

लागेको बेलामा जोखाना हेर्ने र त्यसपछि पानी फूकेर दिने पनि चलन छ । नानी जन्मेपछि “यो तिमीलाई दिन्छौं भनेर” भगवानसँग भाकल पनि गर्ने गरिन्छ । तर आजकल अस्पताल तथा स्वास्थ्य चौकी लैजाने प्रचलन बढेको छ । यस पछि संस्कारगत परम्परा अनुसार गर्भवती महिलाको प्रसुति प्रक्रिया सकिएर बच्चा जन्म भएपछि गर्भवती महिलाको साथी पनि झरेपछि तिनै (दायानी) बाट बाँसको धारिलो चोयाले बच्चाको नाल काट्ने चलन छ । सुन्दरी मेचे (वर्ष ६२) का अनुसार छोरी भए ५ वटा र छोरा भए ७ वटा स-साना चोयाले नाल काटिन्छ । यो उनीहरुको परम्परागत जातिय चलन हो । नाललाई मेचेहरू ‘जर’ भन्दछन् । बच्चा जन्मदाको सालनाल गाड्दा भारले खनेर घरको नजिकै गाड्ने गरिन्छ । यसको मान्यता भविष्यमा बच्चाको स्वास्थमा कुनै नराम्रो नहोस् भन्ने हो ।

यसरी सुत्केरी भई सकेपछि बच्चालाई हल्का तातो पानीले नुहाइन्छ र सुत्केरी महिलाले पनि नुहाई सकेपछि घर आँगन समेत लिपपोत गरी सकेपछि त्यसैदिन बेलुकी बच्चा छोरा भए कुखुराको भाले र छोरी भए कुखुराको पोथी बच्चाको बाबुले घरको मुल ढोकामा आफ्नो कूलदेवता लगायत सबै देउदेवतालाई घरपरिवारमा शुद्ध होस् भन्ने सम्झना स्वरूप काट्ने चलन छ । यसलाई मेचे भाषामा “दाउदुवारी हाथात्नाई” भन्ने चलन छ । अध्ययन गरेको क्षेत्रमा भने आधुनिकताको प्रभावले हस्पिटलमा बच्चा जन्माउने चलन बढ्दै गएको पाइयो ।

### ६.२ न्वारान

मेचे जातिको न्वारन गर्ने प्रचलन पनि आफ्नै संस्कार अनुसार रहेको छ । बच्चाको न्वारान यसै दिनु हुनु पर्छ भन्ने छैन खासगरी बच्चाको नाइटो (नाभी) जस्लाई मेचे भाषामा (उथुमाईं भनिन्छ) सो झरेपछि जन्मेको पाँचौं, सातौं वा नवौं दिनमा आफ्नै जातको नावा (हजाम) वा पुरोहित बोलाएर बच्चालाई आमाको काखमा राखेर आँगनमा गोबरले लिपेको ठाउँमा बसेर, त्यस अगाडि केराको पातमा एकजोर पानसुपारी, धूप, बत्ति र मोहर दाम आसन राखेर हजामद्वारा

बच्चाको केश मुण्डन गरिन्छ । यसपछि बच्चा तथा आमादुवैले हल्का तातो पानीले नुवाई-धुवाई गरिसकेपछि नावाको हातद्वारा कैचिय तथा छुराको पानी खुवाई सोही पानीमा दूबो, तुलसी पात राखेर बच्चा र आमा सहित सम्पूर्ण घर परिवारमा सिंचन गरेर जन्मसुद्धी गरिन्छ । सुद्धी गरे पश्चात् बच्चाको आमाले पानीको इनार वा कलमा सिन्दूर, अगरबत्ती, दियो बालेर कल वा इनारमा सिन्दुरको टिका लगाई पूजा गरी सुत्केरीबाट चोखिने काम समेत त्यसै दिनबाट गरिन्छ । यसरी नावा वा पुरोहितलाई यी सम्पूर्ण कार्य सिद्धयाएपछि नाङ्लो (छोंग्राई) मा दियो बाली चामल, दक्षिणा, खानेकुरा आदि राखि विदाई गरिन्छ । त्यसपछि त्यसै दिन बेलुकी सुत्केरी गराउने तथा शाल नाल काटने् दायानीका साथ घर गाउँका सहयोगी महिलाहरूलाई समेत आमन्त्रण गरी मीठो मसिनो पकाई, बनाई खुवाउने चलन छ । रोजा र फान्थोल बोलाएर चोखो गर्न पूजा गर्ने पनि गरिन्छ । त्यसैदिन दायानीबाट बच्चाको स्वभाव एवं स्वरूप, बच्चा जन्मदाको दिन, बार, परिस्थिति हेरेर बालकको नाम राखिन्छ । जस्तो बच्चा कार्तिकमा जन्मिए कार्तिकलाल, आइतबार जन्मे देववारी, बच्चा दुब्लो भए रेन्टा आदि आदि तर आजकल यी सबै हराएर आधुनिकता तर्फ आकर्षित भएको पाइन्छ । यसरी नामाकरण गरी सकेपछि ती दायानी लगायत सवैलाई आफ्नो गच्छे अनुसारको दक्षिणा तथा दामभेट वा सम्मान सहित बिदा गर्ने चलन तथा परम्परा छ । तर अध्ययन क्षेत्रमा भने परम्परागत भन्दा आधुनिक नाम बढी पाइयो । साथै नामाकरण गर्ने शैलीमा पनि विस्तारै परिवर्तन आएको देखियो ।

### ६.३ पास्नी (भात खुवाई)

बच्चालाई पहिलो चोटी अन्न खान सुरुवात गर्नुलाई पास्नी भनिन्छ । मेचे समुदायमा शिशुले जब भात खान खोज्छ त्यसैबेला भात खुवाउने कार्य गरिन्छ । कुनै समयको पावन्दी देखिन्न । यसको लागि रोजाले मन्त्र उच्चारण गर्दै नोमानो ( मूलघर) को अगाडि मूल पूजा गरिन्छ । आँगनमा रहेको बाठौको छेउमा बसेर

अन्न प्राशन गर्ने कार्य शुरु गरिन्छ । अन्नप्राशनको लागि सामग्रीहरूमा केरा, केराको पात, दियो बत्ती, काँचो धागो, अगरबत्ती, फलफूल आदि चढाएर बाठौमा ढोगेर सबै प्रक्रियामा पूरा गरिन्छ । मेचे जातिमा पास्नीको प्रचलन पछि मात्र भित्रीएको बुझिन्छ । तर आजकल पास्नी भोज खुवाउने चलन पनि पाइन्छ । यस अध्ययन क्षेत्रमा पनि परसँस्कृतिलाई नै बढी पछ्याइएको पाइयो ।

## ६.४ विवाह पद्धति

विवाह एकसामाजिक पद्धति हो । समाजको सामाजिक प्रक्रियाको निरन्तरताको लागि विवाह अपरिहार्य छ । विभिन्न सामाजिक, सांस्कृतिक परिवेशमा अवस्थित समाजमा विभिन्न प्रकारका लैङ्गिक सम्बन्ध हुने गर्दछन् । यिनै आधारमा विवाहको अर्थ, परिभाषा तथा यिनका कार्यहरू सम्बन्धित हुन्छन् । अर्कातिर समाजको परिवर्तनसँगै विवाहप्रतिको बुझाइको विश्लेषणमा पनि परिवर्तन आउने गर्दछ । तर पनि सबै समाजमा विवाहलाई एउटा आधारभूत सामाजिक संस्थाको रूपमा लिइन्छ । यो सामाजिक संस्कारलाई मेचेहरू सन्तान उत्पादनको रूपमा मात्र नहेरी यसलाई आफ्नै जाति भीत्रका भिन्न गोत्रका व्यक्तिहरू बीच सामाजिक, आर्थिक र धार्मिक सम्बन्ध विस्तार गर्ने उपयुक्त संस्कारका रूपमा मान्ने गर्दछन् । मेचे युवा युवतीको विवाह गर्ने उमेरको कुनै हद रहेको पाइन्न । सामान्यतया १६ वर्षदेखि २५ वर्ष उमेरको बीचमा विवाह हुने गर्दछ । मेचे जातिमा नजिकको नाताजस्तै मामाचेला र फूपुचेली बीच वैवाहिक सम्बन्ध जोड्ने चलन देखिन्न । अहिले मेचे जातिका युवायुवतीहरू अन्तरजातीय विवाह प्रति आकर्षित भएको देखिए पनि मेचे जातिको लोक विश्वास र मूल्य मान्यता अनुसार वर्तमान अवस्थामा पनि विभिन्न प्रकारका विवाह पद्धति अपनाइएको पाइन्छ । यस अध्ययन क्षेत्रमा बसोबास गरेका मेचे जातिहरूमा मागी विवाह बढी प्रचलनमा देखिन्छ । यहाँका घरमूलीले गरेको विवाहको प्रकारलाई हेर्दा अधिकांशले मागी विवाह नै गरेको पाइयो भने आजकल प्रेम विवाह पनि युवा

पुस्तामा बढी नै छाएको स्थलगत सर्वेक्षणका क्रममा भेटियो । उनीहरूको मुख्य विवाहको प्रकारलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ११: घर परिवारको विवाहको प्रकारको विवरण**

| विवाहको प्रकार | घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|
| मागी विवाह | १४ | ५६ |
| घिस्याई विवाह | १ | ४ |
| घरज्वाइँ राख्ने विवाह | २ | ८ |
| बहु विवाह | १ | ४ |
| पुनः विवाह | २ | ८ |
| प्रेम/भागी विवाह | ५ | २० |
| **जम्मा** | **२५** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७ ।

तालिका ११ अनुसार मागी विवाहले ५६ प्रतिशत ठाउँ ओगटेको देखियो । त्यसैगरी घिस्याई विवाह र बहुविवाहको चलन हट्दै गएको देखियो भने प्रेम/भागी विवाहले प्रश्रय पाउँदै गएको अर्थात् २० प्रतिशत ठाउँ ओगटेको देखियो । सबै घर परिवारमा उमेर पुगेर नै विवाह गरेको पाइयो भने केही बुढाबुढीले अलि कम उमेरमा विवाह गरेको भेटियो । अध्ययनका क्रममा विवाहको समयप्रतिको धारणामा एकरूपता पाइन्छ । धेरैजसोले छिटो विवाह गर्नु भन्दा ढिलो विवाह गर्नु राम्रो भनेको देखियो । छिटो विवाह गर्दा केटा वा केटी मन नपर्नु, बच्चा उमेर नपुग्दै जन्मनु, विवाहको उचित मर्म बुझ्न नसक्नु एवं शिक्षाप्रति लगाव बढ्नु जस्ता कारणलेछिटो भन्दा ढिलो विवाह गर्नु नै ठीक हुन्छ भन्ने धारणा भएको पाइयो ।

### ६.४.१ मागी विवाह (सङ्नानैलाई नाइनी हावा)

मागि विवाह भन्नाले समाजमा प्रचलित सामाजिक मूल्य मान्यताको परिधिभित्र रहेर केटापक्ष र केटीपक्ष (दुवैपक्ष) को सहमतीमा हुने विवाह हो । यसमा अभिभावक तथा सम्भव भएसम्म दुलहा-दुलहीको समेत सहमति जुटाइन्छ । अझै पनि मेचे जातिमा यो परम्परा लोकप्रिय छ । मेचे जातिमा छोराको उमेर १८-१९ भएपछि केटाको आमा बाबुले केटीकै गाउँको (गाउँमा बस्ने आफ्नै साइनोको) नत्र अन्यत्रकै विश्वासी महिला वा पुरुष मानिसलाई केटीको बारेमा बुझ्ने काम गराइन्छ । त्यस्तो काम गर्ने लमीलाई (गोइदा/खारुवा) भनिन्छ । गोइदा वा खारुवाबाट केटीको विषयमा सम्पूर्ण जानकारी प्राप्त भएपछि केटातर्फ खबर पठाइन्छ । त्यसपछि केटा तर्फबाट केटाको आमाको अनिवार्य उपस्थितिमा अरु दुई जनागरी ३ जना महिला केटीको घरतर्फ जान्छन् र पहिले लमीलाई भेट्छन् । गोइदा/खारुवाको सल्लाह अनुसार केटीको घरमा पुगी 'बाठौ' थानमा पान, सुपाडी र विधि अनुसार मोहर राखी 'बाठौ' मा ढोगी केटी माग्ने गरिन्छ । यसलाई मेचे भाषामा गोखेन भनिन्छ । यस प्रक्रियासम्म ल्याई पुऱ्याउने कार्य सबै गोइदा वा खारुवा (लमी) बाट नै सम्पन्न भै सकेको हुन्छ । तथापि त्यति गरेपछि केटीका घर परिवारबाट यो किन, के हो ? भन्ने जिज्ञाषा राख्दछन् र त्यही गोइदा/खारवाद्वारा हामी तपाइँहरूको छोरी हाम्रो छोराको निमित्त माग्नलाई यो विधि विधानसँग आएको भन्ने कुरा राखिन्छ । त्यसपछि उनीहरू बीचमा आपसी छलफल हुन्छ । केटी पक्षले पनि विचार पुऱ्याउनु पर्ने हुँदा केही समय केटाको बारेमा बुझ्नको लागि लिन्छन् । केटाको बारेमा सबै जानकारी भएपछि केटो मन पऱ्यो भने त्यो परिवारसँग सम्बन्ध जोड्न इच्छा भएपछि अघि केटा पक्षले बाठौंमा राखेको मोहर फर्काइदैन, तर बीचमा केही तलमाथि भई चित्त नबुझे त्यो फर्काउने चलन छ । मोहर फर्केमा विवाहको मन्जुरी छैन भन्ने बुझ्नुपर्छ । मोहर फर्किएनन् भने केटी पक्षबाट केटाको घर हेर्न गई त्यही दिन केटाको बाबु आमालाई विवाह सम्बन्धी कुरा तय गर्न आफ्नो रिती अनुसार कुरा छिन्न आमन्त्रण

गरिन्छ । यसरी बोलाएपछि त्यसै दिन केटा पक्षकाले केटीको कुरा छिन्नका निमित्त आफ्ना आफन्तहरूलाई बोलाई बेलुकीपख गोइदा/खरुवाको घरमा जान्छन् । त्यसपछि गोइदा/खरुवाले पनि आफ्नै घरमा खानपीन गराएर रीति अनुसार लैजान पर्ने सामग्रीहरू जाँडको घैला, रक्सी, पान, सुपारी पेरुङ्गखोमा राखी भार सहित (२ भार) केटीको घरमा जान्छन् र केटीको घर वरिपरि ३ पल्ट परिक्रमा गर्न लगाइने चलन छ । त्यसरी परिक्रमा गर्नुको अर्थ घर भित्र प्रवेशको लागी अनुमति माग्नु हो भनिन्छ । त्यसपछि घरको मूलद्वार वा गेटमा पुगेपछि फेरी प्रवेशको अनुमति माग्नु पर्छ । यसरी प्रवेशको अनुमति मागेपछि त्यहाँ विभिन्न किसिमका रमाइला कुराकानी हुन्छन् । जस्तो केटा पक्ष– बास पाइन्छ कि? केटी पक्ष हामी तपाईहरूलाई चिन्दैनौ को हो? क्या हो? त्यसकारण बास पाइँदैन " आदि इत्यादि भए पछि अन्ततः प्रवेश आज्ञा पाउँछन् तर फेरि केटी पक्षका गाउँलेले रोक लगाउँछन् । उनीहरूलाई पनि फेरी पान सुपारी र भेटी राखेर क्षमा याचना गरेपछि घरभित्र जान्छन् ।

यसरी केटीको घरमा प्रवेश भइसकेपछि केटा पक्षका मानिसहरू पश्चिमबाट पूर्वतर्फ फर्की र केटी पक्षका मानिसहरू पूर्वबाट पश्चिम फर्की लहरै बसी छलफल चलाउन शुरु गर्दछन् र यो क्रम प्राय रात भरी नै चल्छ । त्यस क्रममा जाँड, रक्सी र अन्य खाने कुरा खाँदै छलफल गरी अन्तमा केटी पक्षबाट दूधको मूल्यको रुपमा भनेर केही रकम माग्ने चलन छ जस्लाई मेचे समुदायमा 'चुम्ना' माग्ने भनिन्छ । केटी पक्षबाट बाँसको मुरली, सुँगुर आदिको माग हुन्छ । दुवै पक्ष बीच गहना, सुन, चाँदी, पैसा आदि विषयमा छलफल भएपछि कुरा मिल्छ । कुन बाजा ल्याउने भनी केटीको आमाको माग हुन्छ र कुरा मिलेपछि कुन तिथि, महिना र गतेमा विवाह गर्ने पक्का हुन्छ । विवाह गर्दा सम्भवतः मंगलबार राति गएर बुधबार ल्याउने चलन छ । निमन्त्रणा गर्दा अलिकति बेसार दलेको एकजोडी सुपारी र एकजोडी पान दिने प्रचलन छ ।

विवाहको दिन ३ वटा जाँडको घ्याम्पो र पान सुपारी बोकेर दुलही ( हिन्जौगदान) को घरमा जन्ती गइन्छ । बाजा बजाउँन २ वटा बासुरी/मुरली लग्नु पर्छ । केटीको घर नजिक बेहुलिका दिदीबहिनीले जन्तीलाई बाटो छेक्छन् । केही रकम दिएपछि जान दिन्छन् । जन्तीले लगेका जाँडको घ्याम्पो केटी पक्षबाट जाँच पड्ताल गरिन्छ र केही नमिलेमा हो हल्ला हुन्छ । रातभर विवाहको रिती रिवाज हुन्छ । बाठौ अगाडि थालमा बत्ती बालीएको हुन्छ । रात विताएर विहान उज्यालो हुँदामात्र जन्तीलाई भातखान दिन्छन् । बासुरी बजाउँदै विहान बेहुली अन्माइन्छ । हाम्रो ठाउँबाट केटी लानु हुन्छ? भनीकेटीका साथीले जन्तिको बाटो छेक्छन् । रोक्ने समूहलाई 'गाउँछबार' भन्दछन्  र अलिकति पैसा दिएपछि बाटो छोड्छन् । केटाको घर नपुग्दै जन्ती एवं सबैलाई जाँड खान दिइन्छ । केटीको घरमा जन्ती गएभन्दा बढी संख्यामा केटी पक्षबाट दुलही पुऱ्याउन जान्छन् । तिनीहरूलाई लोखन्ती भनिन्छ ।

केटी भित्र्याउने  बेलामा शुद्ध हुन मूल घरको सिँढीको दायाँ बायाँ बाँसको २ वटा ढुङ्ग्रोलाई बेहुलीले लात हानेर लडाउछिन् र सँगै राखेको पानीको ढुङ्ग्ोले खुट्टा धुन्छिन् । भित्र पस्दा नोमानोको ढोकामा केटापक्षका केटीहरूले बाटो छेक्छन् तैपनि दुलही भित्र पस्छिन् । एकातिर नोमानाको पिँढीमा पान सुपारीको पोका घुडामुनी राखेर दुलाहा भने बस्नुपर्छ । जेठीसासु (बेहुलीकी दिदी) ले दुलाहालाई धकेलेर जवरजस्ती त्यो पान सुपारीको पोको लिएर जानिछन् । मेचे समूदायमा जेठी सासूले त्यसदिन सुपारी खोस्दा मात्र ज्वाइँलाई छुन पाउने र त्यसपछि जेठी सासूलाई छुन नहुने चलन छ । बेहुली भित्र्याएपछि एकवटा भाले र एकवटा पोथी कुखुरा एकै पटक काटेर फालिन्छ र टाउको भने बाठौमा चढाइन्छ । काटेर गीड फाल्दा भालेको सिरान र पोथीको सिरान पूर्वतर्फ फर्केमा राम्रो र भालेको गीड तलतिर र पोथीको गीड माथितिर भएमा दुलही पहिला मर्छिन भन्ने विश्वास गरिन्छ । केही वेरपछि बेहुली बाहिर आएपछि कुखुरा काटेको ठाउँमा केटाले पान, सुपारी, रूपैयाँ लिएर बाठौमा ढोग्नुपर्छ । त्यसपछि केटाले केटी पट्टिका नातेदार र

केटीले केटा पट्टिकालाई ढोगिन्छ । यसरी ढोग्दा ३- ३ पटक हातले सबै व्यक्तिलाई ढोग्नु पर्छ । यसलाई साइनो फिराउने (धर्म बाठौ खुलुमनाई) भनिन्छ ।

त्यसपछि बेहुला (हवागदान) बाठौको छेउमा बस्छ र वरपर लोखन्तीहरू लस्करै बस्छन् । काटेको कुखुराको मासु बेहुलीको हातले बाँड्नु पर्छ । बाँड्दा पहिला बेहुलालाई अनि पछि अरुलाई दिइन्छ । केटापट्टिबाट जाँडको घ्याम्पा, रक्सीको बोतल, रूपैयाँ पैसा र दियो बालेर केटीपट्टिका मूलीको अगाडि राखिदिनु पर्छ । पूजा गरेर दिएको पैसामा २०- २५ रूपैयाँ थाममै छोडेर अरु रूपैयाँ स्वीकार गरिन्छ । त्यसपछि घ्याम्पाको जाँड निकालेर सबैलाई बाँडिन्छ । केटीको बाबुले खाउँ भनेपछि दुलाहाले "मैले खाए है" भन्नुपर्छ । त्यसपछि सबैले खान्छन् । विदा बारी हुने बेलामा फेरि जाँड रक्सी बाँडिन्छ । केटापट्टिबाट दिइएको सुँगुरको टाउको र ८ वटा करङ्ग (उमाखोरो) बोकेर लोखन्तीहरू नाँच्दै घर फर्कन्छन् । बिहे सकिएको भोलिपल्ट केटीको घरमा लोखन्तीहरूलाई भोज खुवाइन्छ । जहाँ केटापट्टिबाट ल्याइएको सुँगुरको टाउको र उमाखोरोको मासुका साथै जाँड रक्सी खुवाउने चलन छ । जस्लाई हावालान्जाई भनिन्छ । यसरी मेचे जातिको मागी विवाहको रित सकिन्छ, तर विवाहको पहिलो वर्षसम्म बेहुला र बेहुलीलाई विशेष सम्मान गरिन्छ ।

अध्ययन क्षेत्रका अधिकांश मेचे परिवारले पनि मागी विवाह नै गरेको पाइन्छ । छनौटमा परेको २५ घर परिवार मध्ये १४ वटा घर परिवारले मागी विवाह गरेको देखिन्छ, तर विवाहको पद्धतिमा भने विस्तारै परिवर्तन आउँदै गरेको देखिन्छ ।

### ६.४.२ घिस्याइ विवाह (हिन्जौहमनाइनै हावा)

मेचे समाजमा यस्तो विवाहमा केटाले केटीलाई उल्टो पारेर पिठ्यूँमा बोकेर जबरजस्ती लग्ने गर्दछन् । यस विवाहमा केटीको इच्छा विपरीत पनि लग्ने

गरिन्छ । यो विवाहमा कुनै पनि ठाउँमा आफूलाई मन परेको केटी एक्लै भएको अवस्थामा घिस्याएर लाने गरिन्छ । यो विवाह मेचे समुदायमा प्रचलित विवाह पद्धति मध्ये एउटा हो । कुनै केटी मन परेर माग्न जाँदा केटीले मन नपराएमा वा बाबु आमाले नदिएमा केटाहरू मिलेर मेलापात गएको वा बजार गएको मौका छोपी केटीलाई घिस्याएर लग्ने गर्दछन् । यसरी  केटीलाई लगेर आफ्नो मुलघरमा ल्याई भित्र्याइन्छ र आफ्नो रोजा ल्याई विधि अनुसार बाठौमा एकजोर कुखुराको रातो भालेपोथी बली चढाई विवाह गरी भोज भत्तेर गर्ने चलन रहेको पाइए तापनि हाल यस्तो विवाह पद्धतिमा ह्रास आउँदै गएको छ । यस्तो विवाह अवैधानिक र केटीको इच्छा विपरीत भएको कारणले गर्दा अहिले यस्तो प्रथा प्रचलनबाट लोप हुँदै गएको देखिन्छ । जस्लाई सकारात्मक परिवर्तनको रूपमा लिन सकिन्छ । अध्ययन क्षेत्रमा १ घर परिवारले यो विवाह पद्धति अपनाएको पाइयो भने युवा वर्गहरूले यस्तो विवाह पद्धतिलाई उन्मूलन गर्ने सोच बनाएको पाइयो ।

### ६.४.३ घरज्वाइँ राख्ने विवाह (गावईथाइन हावा)

घर ज्वाइँ विवाह भन्नाले केटा मानिस केटीको घरमा गएर बस्ने विवाह हो । विशेष गरेर धेरै जग्गा जमिन र सम्पत्ति भएका दम्पत्तिहरूको आफ्नो कुनै पनि छोरा नभएर छोरी मात्र भएको छ भने केटीका बाबु आमाले राम्रो असल चरित्र भएको केटोको खोजी गरी ल्याई आफ्नो छोरीसँग विवाह गरी आफ्नै घरमा राख्ने चलनलाई गावइथाइन हावा भनिन्छ । यो विवाह कन्या केटी तथा कन्ये केटाको बीचमा हुन्छ । यसरी विवाह गर्दा केटाले आफ्नो कूल तथा गोत्र त्यागी केटीको कुल ग्रहण गर्नुपर्दछ । यस प्रकारको विवाह पद्धति पनि परिवर्तनशील रूपमा रहेकोले समय अनुसार परिवर्तन भई रहेको पाइन्छ । यस अध्ययन क्षेत्रमा पनि युवा पुस्तामा यो विवाह पद्धति नरुचाईएको पाइयो भने २ घरपरिवार प्रौढ पुस्ताबाट घरज्वाई बसेको पाइयो ।

### ६.४.४ बहुविवाह (बियारैदिसोनईनहावा)

एकै व्यक्तिले एकभन्दा धेरै श्रीमती  विवाह गरेमा त्यसलाई बहुविवाह भनिन्छ । मेचे समुदायमा पनि बहु विवाह प्रचलनमा देखिन्छ । पहिले पहिले धेरै जमिन हुँदा धनी मेचेहरूले केटीहरू काम गर्न घरमा राख्ने र उनैलाई पछि श्रीमती स्वीकार्थे । त्यसैले उनीहरूका ३-४ वटी श्रीमतीहरू हुन्थे । तर मेचे जातिमा अरु जातिको जस्तो बहुविवाहको चलन त्यति धेरै देखिंदैन । अध्ययन क्षेत्रमा पनि १ घर परिवारमा मात्र बहुविवाह गरेको देखियो ।

### ६.४.५ पुनः विवाह (रान्डा – रान्डी हावा)

मेचे समाजमा लोग्ने मरेको आईमाई र स्वास्नी मरेको लोग्ने मानिस अथवा विधुवा र विधुर बीचमा विवाह गर्ने प्रचलन छ । यसलाई रान्डाहावा-रान्डीहावा भनिन्छ । विधवा वा विधुर व्यक्ति एक्लो हुने हुनाले उसको जीवन निर्वाहको लागि पनि यो विवाह पद्धतिलाई राम्रो विवाहको रूपमा लिन सकिन्छ । अन्य समाजमा विधुवा र विधुर बीचको विवाहलाई राम्रो नमानिए पनि मेचे समाजमा यो विवाह समाजको माखाल (गाउँबुढा) ले नै गराइदिने गर्दछन् । समाजमा यो एउटा सकारात्मक सोच पनि हो । समाजमा आजकाल यस्तो विवाहलाई स्वींकारदै गएको पाइन्छ । अध्ययन क्षेत्रमा पनि २ परिवारमा यस्तो विवाह पद्धति अपनाइएको देखियो ।

### ६.४.६ प्रेम/भागी विवाह (दङखातनाइनीहावा)

मेचे जातिहरूले अपनाउने विवाह पद्धति मध्ये एकपद्धति प्रेम/भागी विवाह पद्धति हो । हाल यस पद्धतिलाई आधुनिक विवाह पद्धतिको रूपमा मानिन्छ । यस पद्धति अनुसार केटा र केटी मन परापर भई एकअर्काको मनमिलेपछि दुवैजनाको आपसी मिलेमतोमा केटाले केटीलाई गाउँ, घर, समाजमा कसैलाई थाहा नदिई भगाएर केटाको आफन्त वा अन्य कहीं गई लुकेर बस्दछन् । त्यसपछि केटा तथा

केटीको अभिभावक तथा आफन्तहरू दुवैले केटा केटीको खोज तलास गर्छन् । यसरी खोज तलास पछि पत्ता लागि सकेपछि केटी पक्ष पनि ढुक्क हुन्छन् र केटा पक्षले घरमा बोलाई दुवैलाई राजी खुशी भए नभएको बारेमा सोध पुछ गर्दछन् । राजी खुशी भएको जानकारी भएपछि त्यसैदिन केटाको अभिभावकले गाउँका भद्रभलादमी, इष्ट-मित्र, कुल-कुटुम्बलाई बोलाई आफ्नो मान्य देवथान (बाठौ) मा आफ्नै जातिय पुरोहित (रोजा) बाट आफ्नो पारम्परिक रीत अनुसार एउटा कुखुराको अण्डा र एउटा कुखराको चल्ला बली चढाई घर परिवार सहित कुल देवता चोख्याउने तथा सुद्धि गर्ने चलन छ । त्यसपछि विवाह गर्नलाई एकजोर रातो रंगको कुखुराको  भाले पोथी पूरोहित (रोजा) ले आफ्नै मुन्दुम गरि फान्थोल (सहयोगी) ले बाठौमा बली चढाई सकेपछि बेहुलाले बेहुलीलाई सिन्दुर पोते गरेपछि फेरि आफ्नै विधिविधानबाट पुरोहितले विवाह गरिदिने चलन छ । त्यसपछि विवाह कार्यक्रम अनुसार केटाको बाबु आमासँग दुवै दुलाहा दुलहीले आशिर्वाद लिन्छन् । टिका थाप्छन् र ढोगभेट गरि सकेपछि विभिन्न प्रकारका खानाका परिकार जाँड, रक्सी, माछा, मासु इत्यादि गाउँका सबैलाई वैवाहिक भोज खुवाई विवाह सम्पन्न गर्ने चलन छ । युवा वर्गमा अहिले यो विवाह पद्धति बढी मन पराइएको छ । अध्ययन क्षेत्रमा पनि कुलघर मध्ये ५ घरमा प्रेम विवाह गरेको देखियो ।

मेचे समाजमा अवस्थित अन्य विवाह पद्धतिमा डाङ्गोवा विवाह पद्धति पनि एक हो जुन पद्धतिमा विवाह भइसकेकी आईमाइले आफ्नो श्रीमान्को मृत्यु भएमा बालबच्चा हुर्काउनको लागि डाङ्गोवा राख्ने चलन छ । यसलाई समाजले नै स्वीकृति दिन्छ । अविवाहित व्यक्तिसँग विधवाले विवाह गरी आफ्नै घरमा राखेमा डाङ्गोवा विवाह भनिन्छ । तर यस विवाह पद्धतिका उदाहरण एकदमै नगन्य देखिन्छन् । त्यसैगरी आफ्नो मन परेको केटाको घरमा केटी जवरजस्ती पसेर गरिने विवाहलाई मेचे समाजमा 'खासउन्नाई' विवाह भनिन्छ । केटीले हात खुट्टा धोएर एक अम्खोरा पानी लिएर बाठौ अगाडि "आजदेखि म तिम्रो भएँ" भनेर जबरजस्ती

केटाको घरमा पस्ने गर्छिन् र केटाको परिवार राजी नभए पनि केटी त्यो घरमा भित्रीन्छे र यसरी केटी भित्रंदा केटाले स्वीकार गरेकै पाइन्छ । यो विवाह पद्धतिले घिस्याई विवाह पद्धतिको जोडदार जवाफ फर्काएको देखिए पनि नगण्य मात्रामा मात्र यस्तो विवाह पद्धति अपनाएको देखिन्छ किनकी समाजमा यस्तो विवहको सामजिक स्थान राम्रो मानिदैन । त्यसैगरी मेचे समुदायमा अन्तरजातिय विवाह पद्धति पनि नयाँ पुस्तासँगै मौलाएको देखिन्छ ।

### ६.५ मृत्यु संस्कार (थैव)

मृत्यु संस्कार मानव जीवनको अन्तिम संस्कार हो । तर अन्य संस्कारहरू मनोरञ्जनको रूपमा मनाइन्छ भने यो संस्कार दुःख र वेदनाका साथ मनाइन्छ किनभने यहाँ आफ्नो समाज र परिवारको सदस्य गुमाउनु परेकोले शोकको रूपमा लिइन्छ । मेचे जातिमा मानिसको मृत्यु हुँदा निम्न संस्कार अनुसार दाह संस्कार एवं काजक्रिया गरिन्छ ।

मेचे जातिहरूमा कसैको पनि मृत्यु भएमा मृतकलाई घरका परिवारले आ-आफ्नो साइनो अनुसार नामले बोलाउँछन्, तर मृतक बिउँझिएनन् भने मृत्यु भएको ठानी मृतकको आफन्त एवं छरछिमेकलाई खबर गरिन्छ । त्यस पछि सबै नाता, गोता, आफन्त र छरछिमेक आई सकेपछि मृतकलाई खुल्ला आँगनको बाठौको सामुन्ने गोबरले लिपि त्यसमाथि भाटी राखी मृतकलाई साबुन पानीले नुहाई, धुहाई गरी खाने तेल लगाई दक्षिणतर्फ शिर र उत्तर तर्फ खुट्टा गरी भाटीमा चढाई सेतो कपडाले ढाकिन्छ तर मृतकको मुखचाहिँ खुल्लै राखिन्छ । ज्वाइँ छोरी आइ नपुगेसम्म लास उठाउने चलन छैन । यसबाट पनि मेचे समाजमा छोरीको महत्व छ भन्ने प्रष्ट हुन्छ । मृत्युपछि छोरा बुहारी र छोरीले नुहाई तेल लगाउने चलन छ । मृतकलाई उपस्थित आफन्त, नाता, कुटुम्बले तुलसी, दूबो पानी छेउमा राखी घरको मुख्य मुली वा अभिभावकलाई आफन्तहरूले रुपियाँ दिएपछि त्यही रुपियाँ, दुबो, तुलसी पानीमा डुबाई पानी मुखमा दिने चलन छ । यसपछि बासको त्यस भाटीमाथि राखेको लाशलाई छोरा मान्छेको भए ५ वटा बाँसको

चोयाले बाँधिन्छ र छोरीमान्छे भए ७ वटाले बाँधिन्छ । नार्जीहारीद्वारा मृतकको छोराको कपाल काट्ने गरिन्छ । त्यसैले चोखिने दिनमा चढाएको पैसा नार्जीहारीलाई दिइन्छ । यसपछि भाटी उठाउँने बेला गाउँको, माखाल वा रोजाले पहिला लासको छेउमा बसेर योसंसारको नियम हो तपाईं आफ्नो बाटो लिएर परलोक जानुहोस् हामीलाई, घरगाउँ कसैलाई पनि दुःख नदिनु, हामीदेखि चित्त नदुखाउनु, कुनै अपराधीले अपराध गरि यस्तो घटना घटाएको भए त्यसको पनि यस्तै दूर्गति होस् भनि सकेपछि रोजाले संस्कार अनुसार मन्त्रहरू गरिसकेपछि शव माथि सबै आफन्तहरूले फूलका गुच्छा तथा मालाहरू चढाई दिन्छन् । त्यसपछि शवलाई आफ्नै छोराहरूले र नभए आफन्तहरूले उठाई घाटतर्फ लगिन्छ । यसरी लाश उठाउँदा जेठो छोराले अगाडितर्फ बोक्छ । आईमाई पनि मलामी जाने चलन छ । यसरी घाटमा लगी सकेपछि २ किसिमबाट मृतकको अन्त्यष्टी गरिन्छ, गाडेर र जलाएर ।

### ६.५.१ शव गाडिने प्रक्रिया

यस प्रक्रिया अनुसार पहिलेको संस्कार अनुसार उत्तर-दक्षिणको खाल्टो खनिन्छ र त्यसपछि मृतकको नाममा रु. १ राखी भूमि खरिद गरिन्छ ।

यसरी यो गाड्ने प्रक्रियालाई मेचे भाषामा 'फोप्नाई' भनिन्छ । खाल्डो तयार भै सकेपछि शवको टाउको दक्षिणतर्फ र गोडा उत्तरतर्फ गरी खाल्डामा राखिन्छ । यसरी खाल्डोमा राखी सकेपछि मृतकको सम्बन्धित वा आफ्नो मान्छेले देब्रे हातले एकमुठी माटो दिने चलन छ । यसपछि सबै मलामीहरूले क्रमैसँग माटो दिने चलन छ । यसरी माटो दिइ सकेपछि राम्ररी पुर्न शुरु गरिन्छ । तर त्यस अगावै नाकको सिधा गरी एउटा डोरी राखिन्छ र पुरी सकेपछि त्यो डोरी पनि झिकिन्छ । यस्को अर्थ मृतकलाई श्वास प्रश्वासमा बाधा नपुगोस भन्ने रहेको छ । यसरी यी विधिद्वारा मेचेहरूको लाश गाडीने प्रक्रिया सम्पन्न हुन्छ ।

### ६.५.२ जलाउने प्रथा

मेचे जातिमा लास जलाउने प्रचलन पनि छ । मेचे भाषामा यस प्रक्रियालाई 'साउनानई' भनिन्छ । जलाउने प्रक्रिया अन्तर्गत नदीमा लास पुऱ्याएपछि नदीको उत्तर-दक्षिण गरी चिता बनाइन्छ र मृतकलाई चिता वरिपरि दाहिने तर्फबाट ३ फन्को परिक्रमा गराई दक्षिणतर्फ शिर र उत्तर तर्फ गोडा पारी चिता माथि राखि सकेपछि उपस्थित सवैले दाउरा दिने चलन छ । त्यसपछि आफन्त मध्ये सवैभन्दा जेठोले दागबत्ती दिई चितामा आगो लगाउने चलन छ । यसरी आगो लगाई सकेपछि लाश जलेर शेष भएपछि अन्तिममा शेष राखी त्यसलाई गाड्ने चलन छ र त्यो शेष गाडेको ठाउँमा वरिपरि बाँसको चौकोठा बनाई खुट्टी गाडी सेतो कपडाले ढाकिन्छ । त्यसपछि रोजाले भने अनुसार मासु, भात, जाँग, रक्सी, फलफूल, चावल, चुर, विडी आदि गरी सबै प्रकारका खाने कुराहरू चढाई जेठो छोरा र आफन्तहरूले विधि अनुसार कपडाले ढाकी दिन्छन् र रोजाले क्रियापुत्रीलाई सेतो कपडाको माला बनाई लगाई क्रिया बार्न लगाउँछन् । क्रिया बार्दा मृतक अनुसार १३ वर्ष मुनिको बालक भए ३ दिन वा ७ दिन र १३ वर्ष भन्दा माथि भए ९ दिन क्रिया पुत्री भई काजक्रिया बस्न लगाइन्छ । क्रिया बस्दा जेठो छोरा नभएमा कान्छो छोरा बस्नु पर्छ र कान्छो पनि नभए साहिँलो छोरा बस्नु  पर्छ भन्ने उनीहरुको विश्वास छ ।

यसरी शवलाई जलाई सकेपछि सम्पूर्ण मलामीहरू मृतकको घरतर्फ फर्कन्छन् । यसरी श्मशान घाटबाट फर्केका मलामी आफ्नो घर प्रवेश गर्नु अघि घरका अन्य सदस्यले एउटा कचौरामा ल्याएको पानी, दुबो र तुलसी पातले चोवी आफ्नो टाउकोमा छर्कन्छन् र बलेको धूपमा छोएर अदुवा र १-२ वटा चामल टोक्छन् । यसो गर्दा आफू शुद्ध भएको मानिन्छ ।

### ६.५.३ काजक्रिया

क्रियामा क्रियापुत्री बस्नको लागि तयार भएको कोठालाई सेतो कपडाले घेरेको हुन्छ । त्यही सेतो कपडाले घेरेको ठाउँमा बसी क्रिया पुत्रीले खाने, पिउने र

बस्ने चलन छ । क्रिया वस्नेले ९ दिनसम्म यही ठाउँमा बसी आफैंले नुहाई, धुवाई गरि लिपपोत गरी माटोको भाँडामा (जसलाई डुखीभनिन्छ) मा २ मुठी चामल हाली पकाई त्यसैको प्रसाद स्वरूप केराको पातमा दक्षिण तर्फ फर्की प्रेत आत्मालाई चढाई ढोगेपछि क्रिया पुत्रीले आफू खान्छन् । क्रिया वस्नेले नून खान मिल्दैन । यो प्रक्रिया ९ दिनसम्म चल्छ । नवौं दिनमा फेरि आफ्नो कूल, कुटुम्ब, नाता, गोता र मलामी सहित सवै नदिमा वा श्मसान घाटमा गई केश काटी नुवाई धुवाई गरेपछि रोजाले विधिद्वारा फलफूल, माछामासु, जाँडरक्सी र एउटा जिउँदो कुखुराको चल्ला मृतकको नाममा चढाइन्छ । यति गरिसकेपछि क्रियापुत्रीको माला फ्याक्नु पर्ने हुन्छ र त्यसको लागि सानो माटोको भाँडोमा माछा, गंगटा, घुंगी राखी आगोमा तताई क्रियापुत्रीलाई पानीमा डुब्न लगाई उसको टाउको माथि त्यो भाँडोलाई लट्ठीलेहिर्काई फुटाउने साथै पानीमा डुबी घाँटीको माला फ्याँकिन्छ । त्यसपछि क्रियापुत्रीको केश आफ्नै जातको हजामद्वारा मुण्डन गरी विशेष पिण्ड दिने ठाउँ बनाइ आफन्त सबैले (लास बोक्नेहरू) पिण्ड दिएपछि वरिपरि बसेर काँचो धागो सबैले सात फन्को घेरेर छेउमै हजाम आई विधि विधानले सात समुद्रपार भनि सवेले एकै स्वरले पिण्डलाई बगाउँछन् र पानीमा  डुबुल्की मारी धागो सहित बगाउँछन् । त्यसपछि हजामको कैची, छुरा, दूबो, तुलसी पात लिई घर आउँदा क्रियापुत्री अघि हुँदै पानी छर्किँदै घरमा सबै आउँछन् । त्यसका साथै विधि अनुसार खानपीन हुन्छ । सबैलाई बोलाएर सुँगुरको मासु सहितको भोज खुवाउने गरिन्छ । मलामी जानेहरूले मृतकको घरमा कुखुरा वा मासु लिएर आउँछन् । खानपीन गरेको आफन्तहरूको जुठो कुरा क्रियापुत्रीले ढाकीमा हाली टाउकोमा बोकी नदीमा सेलाई नुवाईवरी फर्कन्छन् । त्यसपछि क्रियापुत्रीले रोजालाई विदा गरिन्छ अनि मात्र क्रियापुत्री लगायत घरपरिवार सबैले खान पाउने नियम छ । १० दिनमा रोजाले आएर बाठौमा पूजा गरेपछि मरिमराउ फुक्छ । तथापि अहिले आधुनिक विकाससँगै यी जातिहरूमा पनि त्यसको असर परेको हुनाले कतिपय कुरालाई परित्याग गरी सच्याउने कुराहरू सच्याउँदै लगेको र आफ्नो परम्परालाई पनि मान्दै आएको अध्ययन क्षेत्रमा पनि देखियो ।

# अध्याय – ७

# मेचे जातिको सामाजिक संस्कारमा अपनाइने पद्धतिमा आएको परिवर्तन

मानिसले आफ्नो जीवनमा अपनाइने सामाजिक संस्कारहरूलाई हेर्ने हो भने समाजको परिवर्तनसँगै संस्कारमा पनि परिवर्तन आएको देखिन्छ । सामाजिक संस्कारमा परिवर्तन आउनुका कारणहरूमा आधुनिकताको विकास, पाश्चात्य प्रभाव, उत्पादन प्रक्रियाको तरिकामा परिवर्तन आउनु, घर बाहिरका कार्यमा संलग्न, पेशा, शिक्षा, रोजगार, व्यापार आदिमा गतिशिलता बढ्नु, सामाजिक हेलमेल बढ्नु, अन्तर सम्बन्धको दायरा फराकिलो हुनु, शिक्षाको विकास, राजनीति, यातायात, संचारको विस्तार हुनु, परम्परागत मान्यता, व्यवहार र प्रचलनमा पुनः मूल्याङ्कन हुनु, जाति व्यवस्था कमजोर हुँदैजानु आदि आदि प्रमुख कारणहरू देखिन्छन् । मेचे जातिको सामाजिक संस्कारमा अपनाइने पद्धतिमा निम्न परिवर्तन आएको देखिन्छ ।

## ७.१ जन्म संस्कार

संस्कारसँग जातिय पहिचान जोडिएको हुन्छ । जब कुनै पनि जातिले आफ्नो संस्कारमा परिवर्तन ल्याउँछन तब उसलाई प्रतिनिधित्व गर्ने प्रमाण वा पहिचान गर्ने तत्वमा कमि आउँछ । जन्म संस्कार मानिसको जीवनको पहिलो संस्कार हो । मेचे समाजमा पहिला पहिला बच्चा जन्माउन आफ्नै घरलाई प्रयोग गरिन्थ्यो । दायानीको सहयोगमा घरभित्र नै बच्चालाई जन्माइन्थ्यो । कुनै समय त बच्चा जन्माउन नसकेर विरामीको अवस्था निकै डरलाग्दो अवस्थामा पनि हुन्थ्यो । अप्रिय घटनाहरू पनि घट्ने गर्थे । तर आजकल रोजा र दायनीको स्थानमा डाक्टर र नर्सलाई विश्वास गरिन्छ । भगवानको विश्वासमा भन्दा अस्पतालमा बढी

विश्वास गरिन्छ । बच्चा जन्मिएपछि बाँसको चोयाले साल काट्ने परम्परामा पनि परिवर्तन आएको छ । विशेष गरी शिक्षाको प्रभावले यस्तो अन्धविश्वासबाट बच्चालाई विभिन्न रोगले संक्रमण गर्न सक्छ भनी सजगता अपनाएको देखिन्छ । छोरा जन्मेमा भाले र छोरी जन्मेमा पोथी काट्ने परम्परागत कार्यमा पनि परिवर्तन आएको देखिन्छ, किनकी यसरी जन्मेकै दिनबाट छोरा र छोरीमा भिन्नता देखाउने यो परम्परालाई नयाँ पुस्ताले छोरा र छोरी समान हुन् उनीहरूमा कुनै भेदभाव गर्नु हुन्न भनी परम्परागत कार्यमा विस्तारै परिवर्तन गर्दै लगेको पाइन्छ ।

### ७.२ न्वारान

मानिसलाई समाजमा चिनाउने पहिलो माध्यम उस्को नाम हो । मेचे समाजमा जातीय परम्परा अन्तर्गत उस्को नाम जन्मदाको अवस्था, बार, महिना, बच्चाको बावुको कामको अवस्था आदि आधारमा राख्ने गरिन्थ्यो । तर आजकल प्राय: सबै जातिका नयाँ पिँढीले नयाँ नयाँ नाम मन पराएको अवस्थामा मेचे जाति पनि अरुकै पछि लागि नयाँ नयाँ नाम एवं आधुनिक नाम राख्ने प्रचलनका साथ अगाडि बढ्दै छ । यो समयको माग पनि हो । शिक्षाको विकास, नयाँ युगको प्रवेश, आधुनिक परिवर्तित समाजको परिकल्पना सँगै मानिसलाई परिचय दिने उस्को नाममा पनि परिवर्तन हुँदै आएको छ ।

### ७.३ पास्नी

मेचे समाजमा पास्नी पछि भित्रिएको संस्कार हो । यो संस्कार गर्दा मुलघर (नोमानो) अगाडि रोजाले पूजाआजा गरी सकेपछि बाठौको छेउमा बसेर बच्चालाई अन्न प्राशन गराइन्थ्यो तर आजकल मानिसहरू अरुको देखासिखी प्रति आकर्षित भएका हुँदा मेचे समाजमा पनि आधुनिकताको प्रभावले छोपेको हुँदा घर बाहिर भोजगरी पास्नी मनाइने प्रचलन पनि बढ्दै गएको पाइन्छ । यसरी परम्परागत

शैलीमा रोजालाई मुख्य रूपमा मानिएर गरिने यो संस्कारमा अव गीत, संगीत र खानेकुरा मुख्य हुन थालेको देखिन्छ ।

## ७.४ विवाह

विवाह सवैभन्दा ठूलो सामाजिक संस्कार हो किनकी जुनसुकै जातको जातिय संस्कृति विवाहबाट प्रष्ट चिनिन्छ । विवाहमा पहिरिएको लुगा, गहना एवं विवाह गर्ने शैलीबाट एकजाती अरुको भन्दा भिन्न छ भनी सजिलै छुट्याउन सकिन्छ । मेचे समुदायमा सवैभन्दा बढी परिवर्तन आएको सामाजिक संस्कार विवाह हो । मेचे जातिमा परम्परागत विवाह शैलीमा आफ्नै जातसँग मात्र बढी विवाह गर्ने प्रचलन थियो तर आजभोली केटाकेटी छान्ने देखि लिएर विवाह संस्कार, समय, विवाह विधि, भोज भत्तेर आदि सवै कुरामा परिवर्तन देखिन्छ । अरु जातिसँगको सामिप्यता एवं बढ्दो आधुनिकताको प्रभावले विस्तारै मेचे समाजले परिवर्तनका चरणहरू बढाउँदै छ । राती मात्र गरिने विवाह संस्कार सामाजिक परिवेशका कारण दिउँसोमा परिणत भएको छ । घिस्याई विवाह, बहुविवाह, खासउन्नाई विवाह, डाङ्गोवा विवाह जस्ता विवाह पद्धतिमा विस्तारै ह्रास आउँदै गएको देखिन्छ । प्रेम विवाह र अन्तरजातिय विवाह पद्धतिले समाजमा प्रश्रय पाउँदै गएको देखिन्छ । शिक्षाको विस्तार, प्रचलित मुलुकी ऐनको प्रभाव, अन्य समुदायसँगको घुलमिल, केटाकेटी स्वयंको ढिलो विवाह गर्ने मान्यता जस्ता कुराहरूले विवाह पद्धतिमा परिवर्तन आएको देखिन्छ । त्यसैगरी बढ्दो आर्थिक मन्दीको कारणले परम्परागत विवाह पद्धतिमा परिवर्तन आएको देखिन्छ । किनकी परम्परागत विवाह पद्धतिमा विवाह खर्च धेरै हुने गर्छ । विशेष गरी मेचे जातिमा अन्तरजातिय विवाह पद्धतिले समाजमा प्रश्रय पाउन थालेपछि उनीहरूको आफ्नो मौलिक पनमा विस्तारै परिवर्तन आएको भेटिन्छ ।

मेचे जातिमा उनीहरूको आफ्नै मौलिकपन अनुसार रोजा, माखाल र फान्थोललाई विशेष सम्मान साथ विभिन्न संस्कारमा प्रमुख पात्रका रूपमा

हेरिन्छ । तर विस्तारै सामाजिक संस्कारमा आएको परिवर्तनले समाजका यी सामाजिक व्यक्तित्वहरूको पनि महत्व घट्दै गएको पाइन्छ । हिजोसम्मको पुस्ताले संरक्षण गरेपनि भोलिको पुस्ताले आधुनिक प्रविधिलाई बढी अनुशरण गर्ने हुँदा संस्कारमा आएको परिवर्तनसँग त्यसको संरचनासँग जोडिएका सबै पक्षमा परिवर्तन आएको देखिन्छ । यो एउटा समयको जीत पनि हो ।

### ७.५ विवाहसँग सम्बन्धित अन्य पक्षमा आएको परिवर्तन

जुनसुकै जातिको पहिचान उस्को पहिरन, गहना र भाषा हो, जस्बाट उ कुन जातिको भनी छर्लङ्ग छुट्याउन सकिन्छ । मेचे जातिमा उनीहरूको जातिय संस्कार अनुसार बेहुलाले सेतो रंगको कमिज, बुशला, बेसार छर्केको धोती र खराउ लगाउने चलन छ । तर आजकल धोतीको सट्टा पेन्ट, खराउको सट्टा जुत्ता, सेतो कमिज दुबोको माला, घडी, औंठी, आदि पहिरनमा सजिएर बेहुला बनेको देखिन्छ । त्यस्तैगरी बेहुलीले पनि परम्परागत पोशाक डोखनाको सट्टामा साडी, ब्लाउज एवं चाँदिको गहनाको सट्टामा सुनको गहना बढी प्रयोग गरेको देखिन्छ । यो सबै वरपरको समाजको प्रभाव, शिक्षाको असर साथै मानिसमा आएको चेतनाको कारण हो ।

त्यसैगरी मेचे जातिमा विवाहको लागि कुनै उमेर हदबन्दी नभए पनि १६ देखि २५ वर्षको उमेर भित्रमा विवाह गरिन्थ्यो । तर आजकल उच्च शिक्षा एवं आधुनिकताको प्रभावले आफू सक्षम भएपछि मात्र विवाह गर्ने पद्धति बढ्दै गएकोले विवाहको उमेर पनि केही ढिलाई हुँदै गएको देखिन्छ । त्यस्तै रित पुऱ्याई गरिने भोजमा खर्चको मात्रा बढी हुने हुँदा कम खर्चमा विवाह सम्पन्न गर्ने शैली अपनाउन थालिएको छ । पारिवारिक संरचनामा परिवर्तन, आम्दानीमा कमी, जग्गा जमीन टुक्रँदै जानु, आवश्यकता बढ्दै जानु, अन्य जातिको समाजमा बढी प्रभाव पर्नु, जस्ता विविध कुराले मेचे जातिको विवाह भोजमा लाग्ने खर्चको स्वरूप परिवर्तन हुँदै गएको हो ।

त्यसैगरी मेचे समाजमा केटाकेटी छान्ने अधिकार एवं विवाह प्रवन्ध जस्ता कुराहरूमा पनि परिवर्तन आएको देखिन्छ । पहिले पहिले विवाहको सम्पूर्ण अधिकार आमाबावु एवं लमीमा निहित हुन्थ्यो तर हिजोआज केटाकेटीले मन पराएमा मात्र विवाह गर्ने प्रचलन बढेको पाइन्छ । रोजगारीको लागि विदेशिनु पर्ने परिस्थिति, जातिय बन्धनमा आएको खुलापन, व्यक्तिगत स्वतन्त्रता, आत्म निर्णयको अधिकार आदि कुराले विस्तारै लमीको आवश्यकता हट्दै गएको पाइन्छ । साथै आमा वावुको भूमिकामा पनि परिवर्तन आएको पाइन्छ । मागी विवाह गर्दा विवाहका धेरै चरणहरू पुरा गर्नु पर्ने हुँदा धेरै समय र खर्च लाग्थ्यो किनकी त्यहाँ सबै पक्ष मन्जुर हुनु आवश्यक पर्दथ्यो । अव केटाकेटीको मन्जुरी भएमा छोटै समयमा थोरै रित गरेर विवाह गर्न थालिएको छ, जस्ले गर्दा समय र खर्चको बचाउ भएको देखिन्छ ।

यसरी मेचे समाजमा देखिएका सामाजिक संस्कारमा आएको परिवर्तनले एकातिर उनीहरूमा समय र खर्चमा कटौती भएर जीवन धान्न सजिलो भएको देखिन्छ भने अरु जातिको नक्कल गर्दै बढी आधुनिकता तर्फ लाग्दा आफ्नो जातिय पहिचान नै हराउने हो कि भन्ने पनि देखिन्छ ।

## ७.६ मृत्यु

मृत्यु संस्कार मानिसको जीवनको अन्तिम संस्कार हो । मेचे समुदायले परम्परागत मृत्यु संस्कार गर्दा नाबालकको ५ देखि ७ दिन भित्र र वयस्क मानिसको ९ दिनभित्र आफ्नै सांस्कृतिक विधि अनुसार काज किरिया गरेको पाइन्छ । तर आजकल अरु जातसँगको सहकार्य, अन्तरजातिय विवाहको प्रभाव, बढ्दो आधुनिकताको असर, एवं युवा पुस्तामा आएको परिवर्तनले मृत्यु संस्कारका पद्धतिमा पनि परिवर्तन आएको देखिन्छ । छोरा र छोरीको भूमिका समान मानिन थालिएकाले छोरीहरूले छोरा सरह संस्कारमा भाग लिने, बढ्दो खर्च कटौती गरी कम खर्चमा संस्कार समापन गर्ने उपाय अपनाउन थालिएको पाइन्छ । साथै अरु

जातका मानिससँग समाजमा वस्नु पर्ने हुँदा अरु जातलाई मिल्ने गरी भोज गरिन थालिएको छ ।

यसरी मेचे जातिका सामाजिक संस्कारमा आएका उल्लेखित परिवर्तनहरूलाई अध्ययन क्षेत्रका मानिसहरूसँग सोध खोज गर्दा बुढा पाकाहरूले परमपरागत संस्कारमा रोकावट गर्दा असन्तुष्ट व्यक्त गरेको पाइयो भने अर्कोतिर युवापिंढीले यस किसिमका परम्परागत संस्कारहरूमा आमूल परिवर्तन हुनु जरुरी छ भन्ने भनाइ राखेको पाइयो । मुख्य सूचनादाताहरूको छलफलको आधारमा मेचे जातिको सामाजिक संस्कारहरूमा परिवर्तन आउनुका कारणहरू निम्न छन्:

**(१) शिक्षा**

पढेलेखेका मेचे युवा युवतीले परम्परागत सामाजिक संस्कारहरू धेरै नियम र पावन्दी भित्रबाट हुने हुँदा यस्ता मान्यताहरूलाई विस्तारै वेवास्ता गर्दै गएको पाइयो । चेतनामा आएको विकासले सामाजिक संस्कारहरू अपनाउने पद्धतिमा परिवर्तन आएको देखिन्छ ।

**(२) आर्थिक कारण**

जनसंख्या वृद्धिको साथसाथै आर्थिक पक्षमा आएको कमिले गर्दा परम्परागत सामाजिक संस्कारहरूमा धेरै खर्च व्यहोर्न नसकिने परिस्थितिको कारण सरल, कम खर्च र कम चरणमा सामाजिक संस्कारहरू सम्पन्न गर्न थालेको पाइन्छ ।

**(३) विदेश जाने प्रचलन**

विदेशमा बस्दाको अनुभव र धेरै वर्ष सम्म घरबाहिर रहेकाले सामाजिक संस्कारहरूप्रतिको मान्यतामा परिवर्तन आएको देखिन्छ ।

**(४) अरु जातिको संस्कारको सिको गर्नु**

समाजमा अरु जातिसँगको बसउठबाट अरु जातिको संस्कृतिलाई पनि नक्कल गर्दै जाँदा आफ्नो संस्कृतिहरू ओझेलमा पर्दै जानु आदि आदि ।

# अध्याय - ८

# सारांश र उपसंहार

## ८.१ सारांश

नेपाल विभिन्न जातजाति, भाषा-भाषिको संगमस्थल हो । विभिन्न जातिहरू बीचको एकताबाट नै नेपाली राष्ट्रियताको निर्माण भएको हो । सबै जातजातिहरूको संस्कृति नै राष्ट्रिय संस्कृति हो । त्यसैले अनेकतामा एकता नेपालीहरूको विशेषता मानिन्छ ।

नेपालमा बसोबास गर्ने अनेक जातिहरूमध्ये मेचे जाति पनि एक हो । जस्को नेपाली समाजमा आफ्नै भाषा, धर्म र संस्कारहरू प्रचलित छन् । यिनीहरू सरल स्वभावका, इमान्दारी र मेहनती प्रकृतिका छन् । मुख्यगरी झापा जिल्लालाई आफ्नो बसोबास स्थल बनाएको यस जातिको उत्पत्ति सम्बन्धी विभिन्न विद्वान् तथा लेखकहरूमा मत भिन्नता पाइन्छ । यो जाति कहिलेदेखि नेपालमा वस्दै आएका छन् ? यिनीहरू कहाँबाट नेपाल आएका हुन् भन्ने सम्बन्धमा आधिकारिक तथ्य फेला पार्न नसकिए पनि यिनीहरू भारतको पूर्व उत्तर क्षेत्रबाट आएको हुनुपर्छ भन्ने अनुमान गरिएको पाइन्छ । मेची खोलाको किनारमा बसेका हुनाले यिनीहरूलाई मेचे भनिएको हो भन्ने मान्यता भए पनि कुनै आधिकारिक तथ्य भने फेला परेको छैन । माछामार्ने, खेती किसान गर्ने यो जाति विस्तारै विस्तारै अरु व्यवसायतर्फ पनि लम्कँदै गएको पाइन्छ । यो जातिका विभिन्न थर-उपथर भएको भएपनि एक अर्कामा सानो ठूलोको भावना भने रहेको पाइँदैन । सामाजिक तथा सांस्कृतिक परम्परा एवं रितीरिवाजमा भने यही जातिभित्र पनि पुरानो प्रचलन र नयाँ प्रचलन मान्ने भन्ने कुरामा केही भिन्नता पाइन्छ ।

यो जातिको सामाजिक संस्कारहरू अरु जातिका भन्दा भिन्न छन् । बच्चाको सालनाललाई बाँसको चोया काटेर बनाएको कप्टेरोले काट्ने अनौठो प्रचलन यो जातिमा देखिन्छ । तर विस्तारै बच्चाको स्वास्थ्यलाई ध्यानमा राख्दै र आधुनिकता प्रति लम्केको हुँदा बच्चा जन्माउनका लागि अस्पतालको प्रयोग गर्न थालेको पाइन्छ । जस्ले गर्दा घरैमा 'दायानी' (मेचे समाजकै बच्चा जन्माउन सघाउने महिला) लाई बोलाएरु बच्चा जन्माउने र बाँसको चोयाले नाल काट्ने उनीहरूको सांस्कृतिक अभ्यासमा परिवर्तन आउन थालेको छ । त्यसैगरी बच्चाको नाम राख्नको लागि पनि रोजा एवं दायानीको ठूलो भूमिका हुन्थ्यो तर आजकल युवापुस्ताले आधुनिक नाम प्रति चासो देखाएको हुँदा रोजा एवं दायानीको महत्व कम हुँदै गएको पाइन्छ । मृत्यु संस्कारमा पनि अरु जातिको प्रभाव बढ्दै गएर आफ्नो मौलिकपन विस्तारै हट्दै गएको देखिन्छ र यसो हुनुमा अन्य जातिसँगको वैवाहिक सम्बन्धको कारण मुख्य देखिन्छ जस्ले गर्दा दुई जातिको संस्कृति समिश्रण भई परिवर्तनको स्वरूप देखा परेको पाइन्छ ।

यो जातिको आफ्नै प्रकारको विवाह पद्धति छ । जहाँ रातभरि जन्तिलाई भोकै राखेर विहान कुखुरा बासे पछिमात्र भात, दाल, तरकारी खुवाउने अनौठो चलन छ । तर सबै भन्दा बढी परिवर्तन भएको सामाजिक संस्कार पनि विवाह नै हो । विवाह प्रति उदारता, खुलापन, अन्तरजातिसँगको सम्पर्क र युवा पुस्ताले आधुनिकता प्रति चाख दिएबाट विवाह संस्कारको मौलिक पनमा विस्तारै परिवर्तन आउँदै छ । यस प्रकार नेपालको मुख्य गरी झापा जिल्लालाई आफ्नो कर्मथलो बनाउन रुचाउने मेचेहरूको भौगोलिक कारण, अन्य जातिसँगको सम्पर्क, राष्ट्रिय संस्कृतिको भावना, यातायात, संचार, व्यापार, परसंस्कृतिकरण, पश्चिमीकरण, गतिशिलता, बजारीकरण, आधुनिकीकरण आदि कारणले सामाजिक संस्कृतिमा ह्रास आउँदै गरेको पाइन्छ ।

यस अध्ययनमा झापा जिल्ला शनिश्चरे गा.वि.स.को लक्ष्मीपुर गाउँमा बसोबास गर्ने मेचे जातिको सामाजिक तथा सांस्कृतिक पक्षको अध्ययन गरिएको छ । लक्ष्मीपुर गाउँमा अवस्थित मेचेहरूको सामाजिक संस्कारहरू र तिनीहरूमा आएको परिवर्तनको अध्ययन गरिएको छ । सरल, परिश्रमी, सोझा, इमान्दार र मिलनसार स्वभावका मेचेहरूको पेशा, पशुपालन, कृषि र व्यापार हो । यिनीहरूको आर्थिक अवस्था मध्यम खालको छ । शिक्षाको क्षेत्रमा पुरुषको राम्रै अवस्था रहे पनि महिलाको खासै राम्रो प्रतिशत छैन । स्वास्थ्य, सरसफाईमा विशेष ध्यान दिने गरेको पाइन्छ । शिक्षाको सँगै राजनीतिमा पनि विस्तारै यो जाति अगाडी बढेको पाइन्छ । जातीय भाषा मेचे भाषा नै बोल्ने यिनीहरूमा नयाँ पिँढीमा भने आफ्नो भाषाको सट्टा नेपाली भाषा बढी प्रयोग भएको देखिन्छ । आफ्नो समूदाय भन्दा बाहिरको मानिससँग बोल्दा सबैले नेपाली भाषा नै प्रयोग गर्दछन् । स्वास्नी मानिसको परम्परागत पोशाक डोखनाको प्रयोग विस्तारै कम हुँदै गएको देखियो जस्को ठाउँमा साडी, ब्लाउज, कुर्ता, माक्सी आदि पहिरन आएको देखिन्छ । परम्परागत गहनाका रूपमा चाँदीबाट निर्मित गहनाले सजिने मेचे युवतीहरूमा विस्तारै सुनका गहना र बजारिया नक्कली गहनाप्रति चाह बढ्दै गएको पाइन्छ । लोग्ने मानिसहरूले पनि परम्परागत पोशाकलाई छोडी सर्ट, कमिज, पाइन्टतर्फ बढी आकर्षित भएको देखिन्छ । मेचे लोग्ने मानिसहरूले एउटा गम्चा काँधमा राख्ने परम्परागत चलन हो तर यो चलन नयाँ पुस्तामा निकै कम मात्रामा पाइयो । खानपिनमा भात, तरकारी, माछा मासु, पिरो तैलिय पदार्थ धेरै रुचाउने मेचेहरू विशेष गरी घोंगी, भात खान अत्यधिक रुचाउँछन् ।

यिनीहरू शिवका भक्त हुनुका साथै अन्य विभिन्न चाडपर्वहरू र पूजाआजा गर्दछन् । वैशागु बच्छर, छोर्खेला, फगुवा आदि यिनीहरूका मुख्य चाड हुन् । यस्ता चाडपर्वसँग यिनीहरूको धार्मिक विश्वास र आस्था गाँसिएको छ । त्यसैगरी कूलपूजा (बाठौ पूजा), मेचेहरूको सवैभन्दा महत्वपूर्ण पूजा हो । यो पूजासँग मेचे जातिको जातिय पहिचान गाँसिएको छ । यो पूजा प्रत्येक वर्ष वैशाखदेखि आषाढ

सम्ममा गरेको पाइन्छ । मेचेहरूको घर हो भनेर प्रष्ट छुट्याउने आधार उनीहरूको घर अगाडि आँगनमा बनाइएको 'बाठौ' एक हो ।

यहाँका मेचेहरू आफ्नो समूदायका मान्छेहरू बसोबास गरेको ठाउँमा एकत्रित भएर बसेका छन् । पहिले पहिलेका धनी मेचेहरूले पक्की घर बनाएर बसे पनि यहाँ प्रायजसो मध्यम वर्गका मेचेहरू नै छन् । उनीहरूको घर प्रायःजसो टिन/जस्ताले छाएका बरण्डा राखिएका साना खालका हुन्छन् । प्रत्येक घरको आँगनीमा बाठौको स्थापना हुन्छ । घर आँगन लिपपोत गरी चिटिक्क पारेको देखिन्छ । यिनीहरू शिवभक्ति हुनाले शिव र पार्वतीलाई विशेष रूपमा पूजा गरे पनि यिनीहरू प्रकृति प्रेमी पनि हुन् । प्रकृतिलाई पनि उक्तिकै आदर गर्ने यिनीहरू अन्य देव-देवतालाई पनि पूजा आजा गर्दछन् । पाहूनालाई अत्यन्त राम्ररी आदर-सम्मान गर्ने यिनीहरूको परम्परागत संस्कार नै हो । जन्मदेखि मृत्यु सम्मका हरेक भोजहरूमा आफन्त, इष्टमित्र एवं छिमेकीलाई अत्यधिक आदरका साथ भोज खुवाउने चलन रहेको मेचे समाजमा हरेक सामाजिक संस्कारहरूमा रोजा, फान्थोल र माखालको मुख्य भूमिका हुन्छ । आफ्नै जातीय संस्थाहरू– मेचे समाज शिवीयारी आफात, मेचे महिला उत्थान संघ जस्ता नितान्त जातिय हित तथा जातिय उत्थान सम्बन्धी संस्थाहरू खुलेबाट मेचे समाजमा महिलाको स्थान राम्रै छ भन्ने प्रष्ट हुन्छ ।

एकात्मक परिवारलाई बढी मन पराउनुमा वर्तमान शिक्षा नीति, औद्योगिक विकास, पाश्चात्य प्रभाव, नयाँ प्रकृतिको व्यवसाय आदिको विकासलाई हेर्न सकिन्छ, जस्ले गर्दा संयुक्त परिवारहरू विखण्डन हुँदै आएको देखिन्छ । आर्थिक निर्णयहरूमा महिलाको सक्रियता देखिई विभिन्न पूजाआजा एवं सामाजिक संस्कारहरूमा महिला र पुरुषको समान अधिकार पाइन्छ । त्यसै गरी मृत्यु भएको घरमा छोरी नआईपुगेसम्म लास उठाउन हुन्न भन्ने विश्वासबाट छोरा र छोरीको समान अधिकार छ भन्ने प्रष्ट हुन्छ । यति हुँदाहुँदै पनि मेचे समाज पनि पितृ

सत्तात्मक समाज भएको हुँदा बाबुको पैतृक सम्पत्तिमा छोराकै हक देखिन्छ भने हाल आएर शिक्षा प्रचार प्रसारको प्रभावले दुवैलाई बराबरी बाँडेको पनि भेटिन्छ ।

मेचेहरूको सामाजिक जीवन पद्धति, सामाजिक संस्कारहरूमा अपनाइने पद्धति, रहन सहन, लुगा, गहना, घरको वनावट, धर्म, भाषा, पेशा, परम्परागत सोच एवं मान्यता आदि विविध कुराहरूमा विस्तारै परिवर्तन आउँदै गएको पाइन्छ । अनावश्यक र कुसंस्कारहरूलाई त्याग्दै गएर परिमार्जन गर्दै जानु समुचित भए पनि पुरानो र परम्पराको नाममा सवै संस्कार र सोचहरू चटक्कै छोड्दै जाँदा जातीय पहिचानमा नै वाधा आउने त होइन ? जातिय अस्तित्व नै मेटिने त होइन ? मेचे जातिका नयाँ पुस्ताले यो सोच्नै पर्ने हुन्छ र जातिय अस्तित्व जोगाएर राख्न सक्ने निर्णय लिनै पर्ने आवश्यकता आज देखिएको छ ।

## ८.२ उपसंहार

झापा जिल्लाका विभिन्न ठाउँमा बसोबास गर्ने मेचे जाति एउटा आदिवासी तथा जनजाति मध्येको एक हो । यो लोपोन्मुख जातिको आफ्नै भाषा, भेष, रहनसहन, रितीरिवाज, लोकवार्ता र लोक साहित्य छ । एउटा जीवन्त जनजातिको रूपमा अस्तित्व जोगाउन सफल यस जातिको जनसंख्या भने न्यून हुँदै गएको पाइन्छ । हाल नेपालमा के.त.वि. २०५८ को जनगणना अनुसार ३७६३ मात्र मेचेहरूको जनसंख्या रहेको बुझिन्छ ।किरात मेचे भन्न रुचाउने मेचेहरू आसामका बोडो र बंगालका शैवो जातिसँग सम्बन्ध राख्छन् । बोडो र शैवो पनि मेचेहरू नै हुन् भन्ने यिनीहरूको भनाई छ ।

मेचे जातिमा आफ्नै मौलिक परम्परागत मूल्य, मान्यता र प्रचलनहरू छन् । संस्कृतिका धनी मेचेहरू अत्यन्त सरल, इमान्दार, सोझा र मेहनती छन् । परम्परागत रूपमा प्रचलित मागी विवाह, बाठौ पूजा जस्ता सामाजिक संस्कारहरू हालसम्म अवलम्न गर्दै आएका छन् । आफ्नै मेचे जातिमा विवाह गर्ने मान्यता

यहाँका मेचेहरूमा पाइन्छ । विवाह गर्दा कूल, घरान, वंशपरम्परा, मेचे जात आदिलाई महत्वका साथ हेरिन्छ । मेचे जातिमा विवाहमा एवं अन्य सामाजिक संस्कारहरूमा रितको रूपमा अत्यधिक खर्च, जाँड, रक्सी र मासुको प्रयोग गर्ने एउटा विकृति जस्तो देखिन्छ । मेचेहरू आर्थिक अवस्थाबाट माथि उक्लिन नसक्नुको एउटा कारण सामाजिक संस्कारहरूमा अत्यधिक मात्रामा गरिने फजूल खर्च एक हो । बदलिंदो सामाजिक परिवेश, बाहिरी समाज र व्यक्तिहरूसँगको सम्पर्क, बसाई सराई, रोजगार, शिक्षा, व्यक्तिगत स्वतन्त्रता, आधुनिकीकरण तथा शहरीकरणको प्रभावका कारण मेचे समाजको सामाजिक संस्कारहरूमा परिवर्तन आउन थालेको देखिन्छ । हालका देशमा विद्यमान सामाजिक आन्दोलनले पनि संस्कार सम्बन्धी प्रचलित मान्यतामा परिवर्तन ल्याउन खोजेको देखिन्छ ।

मेचे समाजमा विद्यमान सामाजिक संस्कारहरू सम्पन्न गर्दा लाग्ने खर्चमा कमी ल्याउनु पर्छ । संस्कारहरू सम्बन्धी आधुनिक धारणाको विकास गर्नुपर्छ । सामाजिक संस्कारहरू गर्दा लाग्ने लामो समय, अनावश्यक तडकभडक, भोज भत्तेर, मध्यपानमा लाग्ने खर्चहरूमा नियन्त्रण गर्नु पर्छ । बहुविवाह, बालविवाह, अनमेल विवाह, घिस्याएर गरिने विवाहलाई निरुत्साहित गर्नुपर्छ । केटाकेटीको इच्छा र अभिभावकको सहमतिबाट विवाह गर्ने परम्परा बसाल्नु पर्छ । शिक्षाको विस्तार गरी मेचे समाजमा प्रचलित सामाजिक संस्कारहरूमा अपनाइने कतिपय अनावश्यक कुराहरूमा सुधार गर्नुपर्छ भने अर्कोतिर परम्परा देखि मान्दै आएको प्रचलित र आवश्यक कुराहरूलाई भावी पिँढीसम्म पनि संरक्षित गरिराख्नु पर्छ । हुनतः युवाहरू हाल जागरुक हुन थालेका छन् । पुराना तथा परम्परागत लोकवार्ता, लोक संस्कृति, संस्कार, भाषा र साहित्यको जगेर्ना गर्नु पर्ने चासो पनि बढेको देखिन्छ । मेचे समाज शिवीयारी आफात, मेचे महिला उत्थान संघ जस्ता संघ संस्थाको उपस्थितिले उनीहरू अगाडि बढ्दै छन् भन्ने देखाउँछ । शिक्षित मेचेहरूले आफ्नो जातिय विषयमा पुस्तक प्रकाशित गर्न थालेका छन् । आफ्नो हक हित र विकासका लागि लागीपरी रहेको देख्नु सुखद अनुभूति हो ।

# सन्दर्भ सामग्री सूची

अर्याल, भोजेन्द्र ,२०६४:नेपाली समाज र संस्कृतिको विश्लेषण ज्ञानकुञ्ज प्रकाशन, काठमाडौं ।

आचार्य, बलरामं,२०६३: सामाजिक संस्था र प्रक्रियाको समाजशास्त्रीय विश्लेषण

एस.एल, शर्मा, २०४०: मेचे जातिको संस्कार परिचय नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान ।

खनाल, घनश्याम, २०३५: झापाका मेचेजातिको सामाजिक, सांस्कृतिक र आर्थिक अध्ययन ।

खत्री, प्रेमकुमार, २०४४: नेपाली समाज र संस्कृति, साझा प्रकाशन ।

जोशी, सत्यमोहन, २०१४ : हाम्रो लोक संस्कृति, रत्नपुस्तक भण्डार ।

जिल्ला परिचय, २०६३: झापा जिल्ला पार्श्वचित्र ।

दाहाल, डिल्लीराम, २०६२: “धिमालका सामाजिक संस्कारहरु” एक अध्ययन ।

दाहाल, जनार्दन, २०५७: “मेचे जाति- एक अध्ययन”, शोधपत्र , समाजशास्त्र/ मानवशास्त्र विभाग ।

दिवस, तुलसी,२०३९: धिमाल लोकधर्म र संस्कृति काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, ।

पराजुली, दुर्गा प्रसाद, २०५३: झापाका मेचेहरुको ऐतिहासिक अध्ययन, घनश्याम खनाल स्मृति ग्रन्थ झापा ।

बिष्ट डोरबहादुर,२०३४: सबै जातको फूलबारी, साझा, प्रकाशन ।

बसुमतारी, बुद्धलाल, २०५५: किराँत मेचे समुदाय: दाश र मुक्ति ।

बराल, रमेश, २०४४: नेपाली समाज र विविध संस्कृति ।

मछाहारी, भुवनलाल, २०६०: मेचे जातिको चिनारी, गोर्खाली प्रिन्टिङ प्रेस, नयाँबजार काठमाडौं ।

मेचीदेखि महाकालीसम्म, २०३१: श्री ५ को सरकार, सूचना विभाग भाग २ : २२१ ।

नेपाल सरकार, नेपालको अन्तरिम संविधान, २०६३: कानुन, न्याय तथा संसदिय व्यवस्था मन्त्रालय, काठमाडौं ।

लिम्बु क्या. गोपीलाल, २०६४: इतिहासमा कोचे र मेचे, जन-संसद, दैनिक, झापा, वैशाख २३ ।

श्रेष्ठ, स्वयम्भुलाल,२०३२: राजवंशीहरुका देव र ओझा, आलोक प्रकाशन, झापा ।

श्रेष्ठ ,तेजबहादुर, २०५७: "मेचे (बोडो) जातिको सामाजिक एवं आर्थिक अवस्था, शोधपत्र , समाजशास्त्र/मानवशास्त्र विभाग ।

क्षेत्री, नन्द कुमार,२०६५: मेचे जातिः संक्षिप्त परीचय, मेचे समाज शिवियारी आफात केन्द्रिय समिति ।

Beenet Lynn, 1983: Dangerous wives and sacred sistres : social and symbolic Roles of High Caste women in Nepal, New York

Bhatta, T.N., 2005: Classifiers in Meche. An unpublished MA dissertation submitted to centra department of Linguistics, T.U.

C.B.S., 2002: Statistical Pocket Book ,HMG, Nepal.

Cameron, M.M., 2005: On the Edge of the Auspecious: Gender and Caste in Nepal, Mandala publication, Kathmandu.

Dalton, E.T., 1973: Tribal history of eastern India 3rd edition, New Delhi, cosno publications

HMGN/CBS, 2002: Population Census, central Bureau of Statistics KTM, Nepal.

Hodgson,B.H., 1980: On The Koch , Bodo And Dhimal Tribes.

Reseley H.H.,1897: Tribes and Castes of Bangal, Volume 1897.

Sanyal, C. C., 1967: Rajbanshies of West Bengal, Asiatic Society, Calcutta.

Sharma, Prayag Raj, 1977: "Caste, social mobility and Sanskritization in a Tribal - Hindu society. A study of Nepal's old legal code" ( kailash, vol.5 No.4)